## निरु पालको यस्तो बयान

काठमाडौं-नेकपाकी सांसद निरु पालले आफ्नो घाँटीमा कसैले पेस्तोल राखेर प्रधानन्यायाधीशको बयानमा तलमाथि गरे मार्ने धम्की दिनेमाथि कडा चेतावनी दिएकी छन् । यस्ता धम्कीले सरकार नडगमगाउने बताएकी छिन् । बिहीबार प्रतिनिधिसभाको बैठकमा विशेष समय लिएर बोल्दै सांसद पालले यस्तो बताएकी हुन् । उनले आफूमाथि साउन १५ गते केही व्यक्तिहरुले पेस्तोल देखाएर तर्साउन खोजेको **बाँकी ८ पेजमा**

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित) साप्ताहिक

## म्यानपावर व्यवसायी आन्दोलित

काठमाडौं । सरकारले म्यानपावर कम्पनीले राख्नुपर्ने धरौटी बढाउने तयारी गरेपछि व्यवसायी आन्दोलित भएका छन् । हालको ७ लाख रुपैयाँ नगद र २३ लाख बैंक ग्यारेन्टी राख्ने नियमलाई संशोधन गरी ६ करोड रुपैयाँ हाराहारीमा पुऱ्याउन सरकारले तयारी थालेको व्यवसायीहरु बताउँछन् । तर श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले भने म्यानपावरको धरौटी कति **बाँकी ८ पेजमा**

वर्ष ७ अंक १६, २०७५ साल साउन १८ गते शुक्रबार, नेपाल संवत् ११३८ (Aug. 3, 2018) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

# धारा १ र ८ हटाउन भारतको विशेष जोड

काठमाडौं । सन् १९५० को सन्धिलगायत नेपाल र भारतबीच भएका सम्झौताको अध्ययन, अनुसन्धान, विश्लेषण र अन्तर्क्रिया गरी सरकारलाई सुझाव पेस गर्ने काम प्रबुद्ध व्यक्ति समूह (इपीजी) ले पूरा गरेको छ । खासगरी १९५० को सन्धिका धाराहरु दुई वर्ष लगाएर प्रबुद्ध समूहले विभिन्न व्याख्या र विवेचना गरेको छ । प्रबुद्ध समूहको सुझाव प्रतिवेदन पहिले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई बुझाइँदैछ । त्यसपछि नेपालका प्रधानमन्त्री केपी ओलीलाई प्रतिवेदन बुझाइनेछ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले प्रतिवेदन बुझ्नका लागि समय दिइरहेका छैनन् । मोदीको कार्यव्यस्तताका कारण प्रतिवेदन बुझाउन तत्काल नसकिएको तर केही दिनमै प्रतिवेदन बुझाइने प्रबुद्ध समूहको भारतीय पक्षले भनिरहेको छ । तर भारतले सन्धिको धारा १ र ८ हटाउने षड्यन्त्र गरिरहेका कारण मोदीले प्रतिवेदन बुझ्न ढिलाइ गरेको आशंका गरिएको छ ।

अन्तिम राणा प्रधानमन्त्री मोहनशमशेरले वि.सं. २००५ वैशाख १८ गते नेपालको सत्ता सम्हालेका थिए । त्यसबेला नेपालमा प्रजातन्त्रको आवाज उठिरहेको थियो । वि.सं. १९९७ सालमा गंगालाल, दशरथ चन्द, शुक्रराज शास्त्री र धर्मभक्त माथेमाको राणा शासकले हत्या गरेपछि राणा विरोधी आन्दोलनको जग उठिसकेको थियो । राणा शासनको संरक्षक रहेको ब्रिटिस उपनिवेशवादले भारत छोडेको तीन वर्ष भइसकेको थियो । भारतीय सत्ताको नेतृत्वमा जवाहरलाल नेहरु उदाएका थिए । देशभित्र प्रजातन्त्रको जनआवाज उठ्न थालेपछि राणाहरु आफूलाई असुरक्षित महसुस गर्न थालेका थिए । १ सय ८९ वर्ष लामो ब्रिटिस शासनको भारतमा अन्त्य हुनु र ब्रिटिस शासन विरोधी शक्ति भारतीय राष्ट्रिय कांग्रेस सत्तामा आउनु अनि चीनमा माओत्सेतुङको नेतृत्वमा जनवादी सत्ता निर्माण हुनुले राणाहरु सम्भावित जनआन्दोलनको भूतले तर्सिइरहमेका थिए । राणाहरुको सम्बन्ध चीनका च्याङकाइसेकसँग मात्र थिएन भायसराय माउन्ट वेटनसँग सम्बन्ध थियो नेहरुसँग थिएन । नेहरु भारतीय सत्तामा आएपछि उनले राणा शासनलाई अनुमोदन नगर्ने



बताइसकेका थिए । उनले १ मार्च १९५० मा भारतका मुख्यमन्त्रीहरुलाई पत्र लेखी राणा शासनलाई मान्यता नदिने प्रस्ट पारिसकेका थिए । जब चीनले आफ्नो अभिन्न अंग भन्दै तिब्बतलाई नियन्त्रणमा लियो मोहन शमशेरले त्यस घटनालाई अशुभ संकेतको रुपमा लिए । अमेरिका र क्यानडाको भ्रमण गरेर भारत फर्किएका नेहरुले नेपाल भ्रमण गर्ने निधो गरे । यस्तो आशय उनले परराष्ट्र मामिलाका डाइरेक्टर विजय शमशेरसँग प्रकट गरेका थिए ।

नेहरु नेपाल आउन खोज्दै गर्दा राणा प्रधानमन्त्री मोहनशमशेर नै पहिले (२००६ फागुन ७ गते) दिल्ली पुगे । रेल्वे स्टेसनमा नेहरु आफैं आएर मोहनशमशेरको स्वागत गरे र हैदरावाद हाउसमा उनलाई भारतको पाहुना बनाए । हैदरावाद हाउसमा नेहरु र मोहन शमशेरबीच डेढ घण्टासम्म वान टु वान वार्ता भयो । सन् १९५० को सन्धि त्यही गोप्य वार्ताले तय गरेको थियो । मोहनशमशेर काठमाडौं फर्किने बित्तिकै तत्कालीन भारतीय राजदूतले प्रस्तावित सन्धिको मस्यौदा थमाए । सन्धिको मस्यौदामाथि छलफल गर्न विजय शमशेरको नेतृत्वमा सरकार नरेन्द्रमणि आचार्य दीक्षित सरदार गुन्जमान सिंह र मिरसुब्बा भीमबहादुर पाँडे दिल्ली पुगे । भारततर्फबाट सेक्रेटरी गिर्जाशंकर बाजपेयी, विदेश सचिव केपिएस मेनन सहसचिव सुन्दर हकस र नेपालका लागि भारतीय राजदूत चन्देश्वरप्रसाद नारायण छलफलमा सहभागी भए । भारतले मस्यौदा गरेको सन्धिको धारा २, ५, ६ र ७ मा नेपाली पक्षले सहमति जनाएन । धारा २ मा नेपाल र भारत दुवै सरकारले कुनै छिमेकीसँग गम्भीर खटपट या विवाद उत्पन्न भए एक अर्कालाई जानकारी दिने उल्लेख गरिएको थियो । धारा ५ मा हातहतियार विस्फोटक पदार्थ वा गोली गठ्ठा कलपुर्जा आदि भारतबाट या भारतीय भूभाग भएर आयात गर्न भारतको सहमति लिनुपर्नेछ भनी अन्य देशबाट ल्याउन बन्देज गरिएको थियो । धारा ६ मा औद्योगिक र आर्थिक विकासका मामिलामा एक अर्को देशका नागरिकलाई सहभागी हुन राष्ट्रिय व्यवहार प्रदान गर्ने उल्लेख थियो । धारा ७ मा एक अर्को देशका नागरिकलाई आआफ्नो भूभागमा बसोबास तथा सम्पत्तिको भोगचलन गर्ने, उद्योग र व्यापारिक कारोबारमा भाग लिने, डुलफिर गर्ने कुरामा समान आधारमा विशेषाधिकार प्रदान गर्ने उल्लेख थियो । भारतीय पक्षले नेपालको नेपालको चासो लेटर अफ एक्सचेन्जमा समेटिने बताए पनि नेपाली वार्ता टोली सहमत भएन । वार्ता टोली काठमाडौं फर्कियो र छलफलको विस्तृत विवरण मोहनशमशेरलाई दियो । तर मोहनशमशेरले हैदरावाद हाउसको नेहरु भेटमा सायद राणा शासन जोगाइराख्न भारतको साथ रहने आश्वासन पाएका थिए, उनले आफैंले सन्धिमा हस्ताक्षर गर्ने निर्णय लिए ।

नेपाल र भारतबीच सन् १९५० जुलाई ३१ का दिन सिंहदरबार ग्यालरी बैठकमा शान्ति तथा मैत्री सन्धिमा हस्ताक्षर भयो । नेपालका तर्फबाट श्री ३ मोहनशमशेर र भारतका तर्फबाट नेपालका लागि भारतीय राजदूत चन्द्रेश्वरप्रसाद नारायण सिंहले हस्ताक्षर गरे । नेपालका तर्फबाट प्रधानमन्त्री र भारतका **बाँकी ८ पेजमा**

## राजदुत सेफरलाई मानार्थ सदस्यता




काठमाडौं । नेपाल जर्मन प्राज्ञिक संघ (नेगास) को ३० औं वार्षिक साधारणसभाको अवसरमा नेपालका लागि जर्मनीका राजदुत रोलाण्ड सेफरलाई संघले आफ्नो मानार्थ सदस्यता प्रदान गरेको छ । कार्यक्रममा अतिथिहरुलाई स्वागत गर्दै नेगासका अध्यक्ष सुरेन्द्र ढकालले विगतमा पनि नेगासले जर्मन राजदुतहरुलाई मानार्थ सदस्यता दिई सम्मान गरेको र यस पटक पनि यो कार्यलाई निरन्तरता दिएको बताउनुभयो । विगतमा नेपालस्थित जर्मन राजदुतावाससँगको सहकार्य आइन्स्टाइन सतवार्षिकी समारोह, नेपाल जर्मन दौत्य सम्बन्धको ५० औं वर्षगाँठ मनाएको र जर्मन प्राज्ञिक आदानप्रदान सेवा (DAAD) सँगको सहकार्यमा हरेक वर्ष जर्मनीबाट प्राध्यापकलाई आमन्त्रण गरी विभिन्न विषयमा कार्यशाला, गोष्ठी तथा सेमिनार गरी प्राज्ञिक तहमा नेपाल र जर्मनीबीचको सम्बन्धलाई गाढा बनाउने कार्यमा नेगास लागि परेको बताउनुभयो ।

सभालाई सम्वोधन गर्दै सम्मानित व्यक्तित्व महामहिम **बाँकी ८ पेजमा**

## मौलायो भ्रष्टाचार

काठमाडौं । प्रधानमन्त्री बारम्बार भ्रष्टाचारलाइर्क्ष शून्य सहनशीलता अवलम्बन गर्ने भनेर बोलिरहेकै हुन्छन् । तर उनको बोली हावामा बिलाएर जान्छ । कर्मचारीहरु झन् साह्रो भ्रष्ट बन्दै गइरहेका छन् । प्रधानमन्त्रीले काठमाडौंका सडकका खाल्डाखुल्डी पुर्न बारम्बार निर्देशन दिए तर कर्मचारी र ठेकेदारले सुनेको नसुनेझैं गरिदिए । बौद्ध, ठमेल जस्ता पर्यटकीय क्षेत्रसमेत हिलाम्य बन्दा सरकार र सम्बन्धित निकायले लाज पचाइसकेको छ । कर्मचारीको ध्यान साल तमामीको कमिसन बटुल्नमै तल्लीन छ ।

गत शनिबार ३६ लाख घूसको रकमसहित भवन तथा सहरी विकास कार्यालय रुपन्देहीका इन्जिनियर सुरेश ठाकुर पक्राउ परेका छन् । उनी श्रीमतीसहित रकम थन्क्याउन वीरगन्जतर्फ जाँदा अख्तियारको फन्दामा परेका थिए । प्युठान सडक आयोजनाका सब इन्जिनियर पनि **बाँकी ८ पेजमा**

## सरकारविरुद्ध माले पनि सडकमा

काठमाडौं । नेकपा (माले) सडकमा उत्रिएको छ । सरकारका गलत रवैया महँगी, भ्रष्टाचार, राष्ट्रघात र झूटा आश्वासन देखाएर जनतालाई झुक्याउने र ढाँट्ने कुराका विरुद्ध नेकपा (माले) ले सडकमा ओर्लिएर विरोध प्रदर्शन गर्न जनसभा गरेको छ । काठमाडौंको मुटु मानिने इन्द्रचोकको मन्दिरमा माले महासचिव सीपी मैनालीले सहिद शुक्रराज शास्त्रीको स्मरण गर्दै शुक्रराज उभिएर राणा विरोधी आन्दोलनको जनचेतना जगाएकै ठाउँमा आफू पनि उभिएर 'म यो सरकारका गलत क्रियाकलापको जनतासामु भण्डाफोर गर्दै सरकारलाई जनविरोधी काम नगर्न चेतावनी दिन्छु' भनेका छन् ।

महासचिव मैनालीले सरकारले आफूलाई जनताको मुक्तिदाता देखाउने गरे तापनि सरकारको काम भने जनविरोधी, राष्ट्रविरोधी रहेको बताए । सरकारले सेन्डिकेटको अन्त्य गर्ने, काममा



ढिलासुस्ती गर्ने ठेकेदारलाई कारबाही गर्ने, मूल्यवृद्धि नियन्त्रणका नाममा केही व्यापारीहरुको गोदाममा छापा मार्ने सुन तस्करी नियन्त्रण गर्ने जस्ता काम गरेर प्रचारबाजी गराए तापनि ती सबै केही समयपछि नै शिथिल भएर गए भन्दै सरकार उल्टै भ्रष्ट, माफिया र कालाबजारी गर्नेहरुसँग साँठगाँठ गरेर उनीहरुको पक्षपोषण गरिरहेको बताए ।

डा.गोविन्द केसीको अनसन प्रकरणमा सरकार नराम्रोसँग नाँगिएको र घुँडा टेकेको दृष्टान्त प्रस्तुत गर्दै मैनालीले विगतमा पटक पटक सम्झौता उल्लंघन भएको र फेरि पनि नहोला भन्ने अवस्था छैन भन्दै नेकपा माले डा. केसीसँग भएका सम्झौता **बाँकी ८ पेजमा**

समय-सन्दर्भ

## स्वराज्य र मेलमिलाप

### केशवप्रसाद चौलागाईं

सृष्टिको विकासक्रमसँगसँगै प्राणी र समाजको संरचनामा पनि परिवर्तन र विकास भइरहेका परिणामस्वरुप सभ्य समाज र उन्नत व्यक्तित्वहरुको महत्व बढ्न गएको छ । सृष्टि र विकासको अहिलेसम्मको कथालाई हेर्दा भविष्यप्रति पनि अनुमान लगाउन गाह्रो हुँदैन । यावत परिवर्तन र विकाससँगै समस्या, द्वन्द्व र हिंसामा कमी आएको देखिन्न । आन्तरिक द्वन्द्वदेखि क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरको द्वन्द्वको कारण विश्व शान्तिका लागि नवीन प्रयास र परिभाषाको खाँचो देखिन्छ । विश्व शान्तिका लागि नयाँ दर्शन र अभियानको आवश्यकतालाई मध्यनजर गर्दै 'स्वराज्य र मेलमिलाप' लाई भावी विश्वको आधारको रुपमा प्रस्तुत गरिएको छ ।

द्वन्द्वको कारणलाई खोतल्दै जाँदा स्वतन्त्रताका लागि हुने द्वन्द्व, आत्मनिर्णयको लागि हुने द्वन्द्व, विदेशी हस्तक्षेपविरुद्ध हुने द्वन्द्व, सार्वभौमिकताको रक्षाका लागि हुने द्वन्द्व, गरिबीविरुद्ध पहिचानका लागि हुने द्वन्द्व प्रमुख देखिन्छ । साथै मार्क्सवाद, लेनिनवाद र माओवादको सिद्धान्तको आधारमा राज्यसत्ता कब्जा गर्ने अभियान र द्वन्द्व, धार्मिक शासन स्थापना गर्ने कट्टर इस्लामिक अभियान र द्वन्द्व (आईएसआईएस, तालिवान), धार्मिक आस्थाका आधारमा आपसमा हुने द्वन्द्व र हिंसा सबैले भोग्दै आएको समस्या हो । यसलगायत परिवारभित्र र समाजमा रहेको अविश्वास र द्वन्द्व पनि विकराल समस्याको रुपमा देखापर्छ । जसअनुसार व्यक्तिहरुको आचरणमा ह्रास आउनुका साथै परिवारहरुको विघटन र सामाजिक समस्याहरु बढ्दै गइरहेको छ । यसरी व्यक्ति विशेषदेखि समाज, राष्ट्र र अन्तर्राष्ट्रिय स्तरमै असुरक्षा र अशान्तिको वातावरणले दिगो शान्तितर्फ सोच्न आवश्यक भइसकेको छ । व्यक्ति, समाज, राष्ट्र र अन्तर्राष्ट्रिय क्षेत्रलाई समयानुकूल सञ्चालन र व्यवस्थापन गर्न 'स्वराज्य र मेलमिलाप' को अवधारणाले सहयोग पुऱ्याउन सक्छ । विचार र सिद्धान्तले नै व्यक्तिदेखि अन्तर्राष्ट्रिय क्षेत्रलाई समेत मार्गदर्शन गर्ने हुँदा व्यावहारिक दर्शनको रुपमा स्वराज्य र मेलमिलापलाई अभ्यासका लागि सबैले आफ्नो ठान्ने राज्यव्यवस्था र विश्व व्यवस्था निर्माण गर्न सकिन्छ ।

सृष्टिको प्रारम्भिक कालदेखि नै सृष्टिको रहस्य र समाजका समस्याहरुलाई समाधान गर्न वैचारिक चिन्तन भएअनुरुप ऋग्, साम, अर्थ, **बाँकी ८ पेजमा**

## सांसदभित्रै करवृद्धिको विरोध

काठमाडौं । अहिले स्थानीय तहहरुमा जथाभावी कर वृद्धि गरी जनतालाई सास्ती दिएको विषयले संघीयतामाथि नै प्रश्न उठ्न थालेको छ । जनतालाई सुख, सुविधा प्रदान गर्ने र गाउँघरमा सिंहदरबार पुऱ्याउने नारा दिइएको संघीयता जनतालाई निचोरेर जनप्रतिनिधिले मोजमस्ती गर्ने माध्यम बन्दै गएको प्रति सर्वत्र आलोचना हुन थालेको छ ।

यसैबीच प्रतिनिधिसभामा स्थानीय तहले कर वृद्धि गरी जनतालाई सास्ती दिने काम गरेकोमा सांसदहरुले सरकारको ध्यानाकर्षण गराएका छन् । बिहीबारको बैठकमा शून्य समयमा बोल्ने सांसदहरुले यसका अतिरिक्त गुणस्तरहीन कालोपत्रे, सांसद निरुपालमाथि राजधानीमा भएको आक्रमण प्रयास, राजधानीको हिलो, धूलो, फोहोरमैलाबारे सरकारको ध्यानाकर्षण गराएका **बाँकी ८ पेजमा**

## अधिनायकवादको प्रपोगाण्डा



काठमाडौं । मुख्य प्रतिपक्षी दल नेपाली कांग्रेसले ओली नेतृत्वको कम्युनिस्ट सरकारविरुद्ध देशैभर प्रदर्शन गरेको छ । संसदभित्र रचनात्मक प्रतिपक्षी भूमिका खेल्ने भन्दै सरकारको नीति तथा कार्यक्रम संसदबाट पारित गराउन सहयोग गरेको कांग्रेस सडकमा उत्रिएपछि संसद बाहिरका अन्य दलहरु समेत आफ्नो अस्तित्व देखाउन सरकारको विरोधमा उत्रिएका छन् । खासगरी अधिनायकवादतर्फ सरकार उन्मुख भएको आरोप लगाउँदै कांग्रेस लगायतका दलहरु विरोधमा उत्रिएका हुन् ।

कांग्रेसले देशका ७७ वटै जिल्लामा आफ्नो शक्ति प्रदर्शन गरेको छ । विरोध ऱ्याली र सभामा देखिएको **बाँकी ८ पेजमा**

## मुलुकमा अस्थिरता फैलाउने प्रयास



काठमाडौं । गृहमन्त्री रामबहादुर थापा बादलले मुलुकमा घटेका समसामयिक घटनाका बारेमा संसदमा सांसदले उठाएका प्रश्नको जवाफ दिएका छन् । यसै सन्दर्भमा उनले कञ्चनपुर भीमदत्त नगरपालिकाकी १३ वर्षीया बालिका निर्मला पन्तको बलात्कार र हत्या हुनुको पछाडि सीमा पारीबाट हुने लागुऔषध तस्करी एवं प्रयोग र मदिरा सेवन रहेको बताएका छन् । मन्त्री थापाले उक्त घटना तथा अन्य बलत्कार र हत्याका घटनामा पनि लागुऔषध र मदिरा सेवन **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

सम्पादन सहयोगी : गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# सबै निकायमा शैक्षिक प्रमाणपत्र छानबिन गर

सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधीश गोपालप्रसाद पराजुलीको शैक्षिक योग्यताको प्रमाणपत्र विवादमा परेको घटना ताजै रहेको अवस्थामा प्रधान न्यायाधीशको लागि सिफारिस भएका दीपकराज जोशीको शैक्षिक योग्यताका प्रमाणपत्रहरूमा पनि विवाद उत्पन्न भएको छ । सर्वोच्च अदालत जस्तो गरिमामय ठाउँको नेतृत्व गर्ने प्रमुख पात्रहरू नै शंकाजनक ढंगको शैक्षिक प्रमाणपत्र बाहक व्यक्ति रहेका छन् भने राज्यको ढिकुटीबाट तलब भत्ता बुझ्ने निजामती, प्रहरी, सेना, शिक्षक, प्राध्यापक र विभिन्न आयोग, संस्थानहरूमा काम गर्नेहरूको शैक्षिक योग्यताका प्रमाणपत्रहरू पनि सबैका दुरुस्त छन् भन्ने अवस्था रहेन ।

एक पटक शिक्षा क्षेत्रमा नक्कली प्रमाणपत्रधारीकै ठूलै बिगबिगी मच्चिएको थियो । किनेको शैक्षिक प्रमाणपत्रका भरमा शिक्षक जागिर खाएर पेन्सन पकाउनेहरू पनि अहिले चुपचाप पेन्सन बुझिरहेका छन् । त्यसैगरी प्रहरी सेनामा यस्ता नक्कली शैक्षिक प्रमाणपत्रधारीको रजगज चलेको थियो । राज्यले कर्मचारीको भरणपोषणमा अर्बौं खर्च गरिरहेको छ । मुलुकभित्र उठेको राजस्वले साधारण खर्च धान्न समेत मुस्किल पर्छ । राष्ट्रिय ढिकुटीबाट यत्रो ठूलो परिमाणको रकम खर्च गरेर तलब दिएका र भविष्यमा पेन्सनको समेत ग्यारेन्टी गरिएका कर्मचारीहरू छद्म भेषमा कार्यरत रहनु दुःखलाग्दो कुरा हो । लोकसेवादेखि सबै निकायको आँखा छल्ने खुवी भएका यस्ता व्यक्तिहरूले भ्रष्टाचार गरेर अकुत रूपमा आर्जन गरेको सम्पत्ति पनि प्रमाणपत्रलाई सक्कली बनाए जस्तै वैध आर्जन बनाउन सक्छन् । त्यसैले त ५० हजारभन्दा कम तलब खाने व्यक्तिहरू तारे होटलमा भोजभतेर गर्न सक्षम बनेका छन् । ठूलो परिश्रमका साथ अध्ययन गरेर सक्कली प्रमाणपत्र हासिल गर्ने व्यक्ति बेरोजगार भएर भौंतारिएर हिंड्नुपर्ने अवस्थामा नक्कलीहरूले प्रधानन्यायाधीशको कुर्सी ताक्ने हैसियत बनाउँछन् भने देश कसरी चलिरहेको छ, त्यो छर्लंग हुन्छ ।

नक्कली शैक्षिक प्रमाणपत्र छानबिन गर्न तत्काल एउटा शक्तिशाली छानबिन आयोग बनाउन आवश्यक छ । जुन आयोगले बहालवाला मात्र नभएर देशलाई झुक्याएर पेन्सन खानेहरूको समेत छानबिन गरी नक्कली ठहरिएमा अहिलेसम्म खाएको तलबभत्ता, पेन्सनको साँवा ब्याज र हर्जाना समेत असुलेर कडा सजाय दिन आवश्यक छ । नक्कली प्रमाणपत्रधारीहरूलाई राजीनामा देउ पेन्सन खाएर घरमा बस भन्ने खालका गलत सल्लाह र उम्कने बाटो कदापि दिइनु हुन्न ।

प्रधानन्यायाधीशमा सिफारिस भएका दीपकराज जोशीका बारेमा संसदीय सुनुवाई समितिले उब्जाएका गम्भीर प्रश्नहरूले सर्वसाधारण जनतामा समेत विभिन्न भ्रम र तर्क वितर्क उत्पन्न भएको छ । चिया पसल र सार्वजनिक बसमा समेत न्यायाधीश त नक्कली भएका मुलुकमा अरू को सक्कली होला ? भनेर प्रश्न उठाइ कुराकानीको विषय बनाइन्छ । यो लज्जाजनक विषय हो । जोशीका बारेमा उठाइएका जति प्रश्नहरू छन् तिनको साँच्चीकै पुष्टि हुन्छ भने उनलाई त्यो गरिमामय पदमा एकैछिन पनि बस्ने अधिकार छैन । होइन ती सबै भ्रामक प्रचार र कपोलकल्पित कुरा हुन् भने जोशीको मानमर्दन गर्नेहरू सजायको भागिदार बन्नैपर्छ । तर एउटा भनाइ नै छ, हावा नचली पात त्यसै हल्लिँदैन भन्ने जोशीले विगतमा गरेका त्रुटिपूर्ण फैसलाका प्रसंगहरू पनि जोडिएका छन् । जोशीले आफूमाथि लागेका आरोपहरूको चित्तबुझ्दो जवाफ दिई खण्डन गर्न नसकेका कारण संसदीय समिति नै अनिर्णयको बन्दी बन्ने अवस्था उत्पन्न हुन पुग्यो । संसदीय समितिको सुनुवाइ केवल औपचारिकता पूरा गर्ने मात्र होइन, यो अधिकार सम्पन्न छ भन्ने पुष्टि गर्न पनि समितिले गलतलाई गलत र सहीलाई सही भन्न सक्नुपर्छ । जोशी यदि गलत हुन् भने उनलाई चोख्याएर प्रधानन्यायाधीशको कुर्सी जिम्मा लगाउनु हुँदैन । जनताप्रति न्यायालयको जनआस्था कायम राख्न स्वच्छ, इमानदार छवि भएको व्यक्तिलाई मात्र प्रधानन्यायाधीशमा नियुक्ति गरिनुपर्छ ।

# भ्रष्टाचारको दलदलमा गणतन्त्र



**सुरेन्द्र ढकाल**
**पोलिटब्युरो सदस्य**
**(नेकपा माले)**

प्रधानमन्त्री केपी ओली र उनको सरकारमा रहेका मन्त्रीको करोडौंको सम्पत्ती विवरण भएको पत्रिकाहरु पढदा नै यिनीहरुले यत्तिका पैसा कहाँबाट ल्याए भन्ने प्रश्न जनमानसमा उठेकै थियो । किनभने राजनीति भनेको कुनै व्यवसाय होइन, त्यसरी अकुत पैसा कमाउन अनि मन्त्री र प्रधानमन्त्रीको तलब भत्ताबाट बचाएर करोडौंको सम्पत्ती जम्मा हुने कुरा पनि भएन । यसैबीच वायुसेवा निगमको दुइवटा वाइड बढी जहाज किन्दा ४ अरबभन्दा माथिको कमिसनको खेल भएको चर्चामा आएको छ । यस सम्बन्धी खास कुरा के हो त भनी सोध्दा पर्यटनमन्त्रीले पत्रकारलाई झपारेको, फेरि सोध्दा पसिना पुछ्न परेको दृश्य एभन्यूज टेलिभिजनले बारम्बार देखाइरहेको छ ।

बढी भारवहन गर्ने जहाज किन्ने भनी सम्झौता गरेको तर जहाज ल्याउँदा कम भारवहनको जहाज ल्याई अनियमितता गरेकोप्रति महालेखा नियन्त्रक कार्यालयको असहमती रहेको भन्ने कुरा छापाहरुले लेख्न थालिसकेको अवस्था छ । जहाज किनेर ल्याउने तर नचलाइ राख्नुले निगमलाई हरेक दिन करोडौंको नोक्सान भएको बताउने पनि उति नै छन् । पंचायतकालमा नै पेरिस, लण्डन अनि फ्रान्कफर्टसम्म पुगिसकेको नेपाली वायुसेवालाई धमिजाकाण्ड रचाइ गिरिजा र उनकी पुत्री सुजाता कोइराला रसातलमा पुऱ्याएका थिए । त्यसपछि भएका लाउडा र चेज विमान काण्डले कांग्रेसपछि क्रमशः एमालेको सरकार समेत मुछिन पुगेको थियो ।

निर्वाचनताका जुन धनराशि सरकारमा रहिसकेका दलहरुले खर्च गरी चुनाव जिते, त्यसले के कुरा प्रमाणित गरिसकेको थियो भने राजनीतिक दलहरु नै भ्रष्टाचारको आहालमा डुबेका छन् ।

चुनाव जितेर आई सरकार बनाएपछि त लगानी उठाउने पऱ्यो अनि त्यसको परिणति काण्डमाथि काण्ड हुने नै भयो । राजमार्ग र सडक बनाउन ठेक्का पाएका ठेकेदारको घरको भान्छामा प्रधानमन्त्री र सत्तारुढ दलका अध्यक्षको मार्सी चामलको भातसहित चौरासी व्यन्जनको लन्च गरिरहेको तस्विरहरु सामाजिक संजालमा निरन्तर आइरहेका छन् । त्यही ठेकेदारले समयभित्र काम सम्पन्न नगरी राजमार्ग र राजधानीको सडकलाई हिलाम्मे बनाइछाडेको कारण सर्वसाधारण जनताले व्यंग्य गरी त्यस्ता सडकहरुमा धान रोपाइँ गरेको अवस्था छ । यस्ता कुराहरु देख्दा नदेखे गर्ने सरकारका मन्त्रीहरु अनि नेताहरुलाई तह लगाउने कसले ? त्यही उत्तरको छिमेकी चीनमा भ्रष्टाचार गर्नेहरु गोली खाइ मर्नुपर्ने अनि यही नेपालमा भ्रष्टाचार गर्नेले भन्न् सामाजिक मान्यता पाउने यस्तो विडम्बना नेपाली जनताले कहिलेसम्म देख्नुपर्ने हो केही थाहा छैन ।

संघीयताको कार्यान्वयनसँगै सिंहदरबारको अधिकारमात्रै नभै त्यहाँको सुविधाभोगी प्रवृत्ति स्थानीय स्तरसम्म पुगेको परिप्रेक्ष्यमा सबैभन्दा चाँडो भ्रष्टाचार पनि स्थानीय स्तरसम्म पुगिसकेको छ । संघीयता खास अर्थमा भ्रष्टाचार र अनियमितताको संघीयता बन्न पुगेको अवस्थामा गणतन्त्र भ्रष्टाचारको दलदलमा फसिसकेको छ ।

# वर्तमान ओली सरकारसँग



**जगदीश लामिछाने**
रौतहट, पौराई

ज्ञान र विज्ञान वास्तवमा एउटै हुनुपर्छ । विशेष प्रमाण तथा परिबन्दले पुष्टि भएपछि त्यसैलाई विज्ञान भन्ने गरिन्छ । यसैगरी अज्ञान, विपत्ति र अँध्यारोहरुमा पनि अन्तरसम्बन्ध खोज्ने गर्नाको कमजोरीले नै हामीले दुःखको भूमरीमा रुमल्लिनु परेको हो । आफू अथवा आफन्त भूल पनि होला । पश्चिमा जगतले विकासको धेरै फड्को मारेको भनिन्छ, वास्तवमा एउटै अमूल्य वस्तु प्रजातन्त्रमा कार्यपालिका, स्वतन्त्र न्यायपालिका तथा विधायिका प्रत्येकमा इमानदारिता साथ स्वतन्त्रता हुनुपर्छ भन्ने नै गुण हो । कार्यपालिका छलछाममुक्त भयो भने घुसे भ्रष्टाचारीले विटुल्याउँछन् । न्यायपालिकामा प्रवेश गर्ने न्यायाधीशहरु बोकाहा बेइमान वकिल अथवा राजनीतिक दलका फन्दामा परे भने फैसलाहरु विद्रुप भइरहन्छन् । फिर्ता लिने नहुने अपराधका मुद्दाहरु पनि राजनीतिक दलहरुले फिर्ता लिएकै छन् । कानुनी राजको अवधारणा पन्छाएकै छन् । त्यसैगरी विधायिकाका विद्रूपी सांसदको कुरा सुनियो भने प्राविधिक रुपले बनाउनै नहुने नसकिने योजनामा हुन्छ भनी सम्भावितै मूल्यांकन नै नगराई करोडौंका योजना बनाई खेर फाली नेपाल सरकारको लेखा परीक्षण फरफारक पनि गराएकै छन् । यस्ता कमजोरी नभईकन वर्तमान ओली सरकारले कार्यपालिका न्यायपालिका र विधायिका एक अर्कामा बाझिन नदिई सञ्चालन गर्नेछ भन्ने हामी नेपाली मात्रको आशा हो । परराष्ट्र विधामा देशको आत्मसम्मान हिमवत खण्ड नेपालकै बढाउला भन्ने अभिप्राय हो तर–

डा. गोविन्द केसी कुनै दलका होइनन् । जुनसुकै दलका सरकार भए पनि अनसन बसेर नेपाली रोगीहरुको उपचारमा सक्दो सदाचारिता रहोस् भन्ने उनको अभिप्राय देखियो । पटक पटकका सरकारसँग सम्झौता पनि गरेकै छन् । उनको पुरानो प्रस्तावित जुन कानुन थियो त्यही संसदमा पेश गरी विचारविमर्श भएको भए उनले पुनः अनसन बस्ने नै थिएनन् । आखिर २७ दिनको अनसनपछि सम्झौता गरियो नै । यसको जस ओली सरकारले पहिल्यै पाउँथ्यो हैन र ? बेला बेलामा 'ओली छुच्चो बोली' पनि बढी नै हो ।

दोस्रो सरकार बहुमतमा छ भन्ने दम्भ हो । त्यो दम्भ देखाउने कामले हो । मुखले हैन । भर्खरै बनेको संयुक्त दल कम्युनिस्ट किन बन्यो ? कसका कारणले बन्यो ? त्यो सबैलाई थाहै छ । माओवादीलाई आत्मसमर्पण गराएर उही काखको मान्छेहरुको फेरमा त पर्नु भएको छैन ? त्यो जमातले देशलाई २०५२ देखि २०६२ सम्म के दियो ? यी १७००० नेपाली जनता नेता विदेश बसी मारिएका कसलाई थाहा छैन ? तपाईं त देशभर एकता गराएर अघि बढ्नुपर्छ ।

तेस्रो उत्तर दक्षिण विदेशले रेल ल्याइदिएर होइन महेन्द्र राजमार्गमा निजगढबाट उत्तर फास्ट ट्र्याक बुढ्ने पुगेको नेपाली रेल एउटा उत्तर काठमाडौं पुग्छ अर्को पश्चिम हेटौंडा पुग्छ भन्ने गरौं अनि नेता मान्छन् तपाईंलाई ।

चौथो नेपालको स्वास्थ्य शिक्षा मात्र होइन, सम्पूर्ण शिक्षा सुधार हुनुपर्छ । भारतीय चाइनिज तथा पश्चिमी पाराको शिक्षाले सुसज्जित जनशक्ति उतै उतै फर्कने भए देश कहिल्यै अघि बढ्दैन । सीप नेपाल हिमवत खण्ड प्रेमी हुनुपर्छ । विदेश प्रेमी सीपले नेपाल सदैव जहाँको तहीं बस्नु परेको हो । विदेशी संस्कृतिअनुसार हैन नेपाली वैदिक आर्य पाराको नेपाल संस्कृत विश्वविद्यालय र त्रिभुवन विश्वविद्यालयलले समान उन्नति गरेको देखिनु पऱ्यो । यसैमा स्वास्थ्य र सीपको मालाझैं मगमगाएर अघि सर्नुपऱ्यो । त्यसो गर्न कुलपति प्रधानमन्त्रीको हैसियतले तपाईं तयार हुनुहुन्छ हुनुहुन्न ?

## स्टालिन र माओको जीवनमा दृष्टि नपुगेका केही दूरगामी सवालहरू

मनसुन

# जोसेफ स्टालिन–११

युरोपमा शान्ति छाएपछि एसियामा आतङ्कमच्चाउने जापानी साम्राज्यवाद विरूद्ध स्टालिन महान्को निर्देशनमा सोमियतलालसेना खटियो । त्यसपछि त के चाहियो ?रूसी सफलता देख्नै नसक्ने अहङ्कारी अमेरिकी साम्राज्यवादले जापानका हिरोसिमा र नागासाकी सहरहरूमा आणविक बम प्रहार गरी लाखौं जनताको ज्यान र खरबौं धनसम्पत्ति खरानी पाऱ्यो । वास्तवमा त्यति बेला सोअस्त्र प्रयोग गर्नु आवश्यकै थिएन किनकि रूसी लालसेनाको स्थलगतआक्रमणबाटै जापानले हार खाइसकेको थियो ।

दोस्रो महायुद्धपछि अमेरिकाले कोरियामा पनि आणविक बम प्रहार गर्ने धम्की दियो । वास्तवमा रूसी र चिनियाँ लालसेनाको अग्र भूमिकामा मुक्त भएको कोरियामा अमेरिकाले आफ्नो प्रभुत्वका लागि आणविक बम प्रहार गर्न धम्की दिनु भनेको रूस र चीनमाथि पनि 'विनाशकारी बम प्रयोग गर्छु' भनेको ठहरिन्थ्यो । अमेरिकी साम्राज्यवादले आणविक बमको आडमा यस्ता कैयौं आमविनास लीला चलायो, जुन कुराहरू वर्णन गर्नै सकिन्न । त्यसैले अमेरिकी विध्वंस नियन्त्रण गर्नस्टालिनको ध्यान पनि त्यस्तै बम बनाउनतर्फ गयो र हाइड्रोजन बम बन्यो पनि । त्यसपछि मात्र अमेरिका हच्कियो, रूसले आफूलाई सुरक्षित महसुस गऱ्यो ।

हुन त सोमियत समाजवादी सरकारले हाइड्रोजन बम बनाउनुका पछाडि यस्ता धेरै ऐतिहासिक कारणहरूथिए तथापि स्टालिनले त्यस्तो घातक बम बनाउन हुन्न थियो । किनकि आगोको ज्वालालाई त्यस्तै भयानक ज्वालाले निभाउन सक्तैन । बरू त्यो त अत्यन्तै प्रज्वलित बनेर उर्लन्छ र वरपर भस्मीभूत बनाउँछ । आगोलाई पानीले निभाउँछ, कार्बन डाइअक्साइड ग्याँसले आगोको ज्वालानियन्त्रण गर्छअथवा आगो बल्ने इन्धनलाई आफ्नो कब्जामा राखेर आगो निभाउन सकिन्छ किनकि अमेरिकी साम्राज्यवादलेआगो बनेर डर, त्रास देखायो भन्दैमा त्यस्तै विध्वंसकारी बन्ने हो भने मार्क्सवादीहरूले आफूलाई कुन नाक लिएर 'विश्व शान्तिका वाहक' दाबी गर्ने ? कुन मुखले 'हिंसा होइन, कम्युनिस्टहरू सत्य र न्याय चाहन्छन्'भन्ने ? अनि कुन हैसियतले 'कम्युनिस्टहरू धरती र मानव जातिप्रति सबभन्दा बफादार छन्' भनेर प्रमाणित गर्ने ?साम्यवादीहरूको मार्ग रचनात्मक र सिर्जनात्मक हो, विध्वंसात्मक आमजनविनाश होइन ।

स्टालिनको कदम त कस्तो भयो भने अमेरिकाले रूसमाथि आणविक बम प्रहार गऱ्यो भने आफूले पनि त्यसलाई हाइड्रोजन बमले भस्मीभूत पार्ने । अमेरिकात साम्राज्यवादी भएकाले रूसी जनतालाई सोतर पार्ने नै भयो तर समाजवादी भएर पनि सोमियत रूसले अमेरिकी जनता भसक्कै पार्ने भयो कि भएन ? त्यसैले यो बिलकुल गलत थियो । अमेरिकाले रूसी भूमि पूर्णरूपले विनाश गरे पनि रूसी कम्युनिस्टहरूले सहनुपर्थ्यो र जनतालाई त्यस्तो विपत्ति सहन सिकाउनुपर्थ्यो 'अरू संसार बाँकी छ' भनेर, भविष्य 'उज्वल छ' भनेर । किनकि कम्युनिस्टहरू मार्क्स, एङ्गेल्सजस्ता विशिष्ट समाज वैज्ञानिकका शिष्य हुन्, जो अक्षरसः सत्यप्रेमी, न्यायप्रेमी र शान्तिप्रेमी हुन्छन् अनि उनीहरू यो सिङ्गो धरतीलाई आफ्नै माता ठान्छन्, अर्थात् उनीहरू अन्तर्राष्ट्रवादी हुन् ।

अमेरिकाले आणविक बम प्रहार गर्ने र जबाफमा सोमियतरूसले हाइड्रोजन बम प्रयोग गर्ने हो भने संसारमा केही बाँकी रहँदैन । तब साम्यवाद स्थापना गर्ने कहाँ ? मानव जाति बाँच्ने कहाँ ? यो कुरा मध्यनजर गरेर पनि स्टालिनले हाइड्रोजन बम बनाउनु हुन्नथ्यो,हुन्नथ्यो, हुन्नथ्यो ।

यहाँ प्रश्न उठ्न सक्छ– त्यसो भए के स्टालिनले अमेरिकासामु आत्मसमर्पण गर्नुपर्थ्यो ? होइन,स्टालिनले 'अमेरिकामा साम्यवादीहरू कसरी विजयी हुने' भनेर सोच्नुपर्थ्यो, विशेष अनुसन्धान गर्नुपर्थ्यो ।त्यसका निम्ति मार्क्स, एङ्गेल्सका विविध साहित्यहरूव्यापक रूपले अध्ययन र मनन गर्नु-गराउनुपर्थ्यो ।हो, लेनिनले मार्क्सवादलाई सिर्जनात्मक रूपले विकास गरे तर मानव समाजलाई हेर्न र फेर्न त्यति नै मात्र पर्याप्त थिएन । मार्क्सवादलाई अरू सिर्जनात्मक रूपले विकास गर्न अझै धेरै कुरा बाँकी छन् । यो कुरा महान् गुरू एङ्गेल्सको 'परिवार, राज्यसत्ता र निजी सम्पत्तिको उत्पत्ति' अध्ययन गरेपछि थाहा हुन्छ ।

स्मरणहोस्, अमेरिकी समाजशास्त्रीलुइस मोर्गनले लेखेको 'आदिम परिवार' जस्तो खोजपूर्ण पुस्तक कार्ल मार्क्सले आफ्नो जीवनको अन्तिमतिर मात्र पाए । उनले सो पुस्तकका महत्त्वपूर्ण अंशहरूको टिप्पणी पनि लेखे तर सो पाण्डुलिपि भने एङ्गेल्सले मार्क्सको निधनपछि मात्र पाए ।मार्क्सका सच्चा साथी एङ्गेल्सले त्यसको महत्त्व बुझेका थिए, त्यसैलेउनले अरू धेरै कुराहरूको अध्ययन र अनुसन्धान गरी ती सबै मिलाएरपुस्तकको रूप दिए 'परिवार, राज्यसत्ता र निजी सम्पत्तिको उत्पत्ति' ले आज विश्वमा प्रसिद्धिपाएको छ ।

स्टालिन महान्ले हाइड्रोजन बम निर्माणमा लगाएकोश्रम, शिल्प, शक्ति र सम्पत्तिअमेरिकी साम्राज्यवादी सत्ता साम्यवादीहरूले कसरी कब्जा गर्ने ?' भन्नेमालगाउनुपर्थ्यो, विशेष अनुसन्धान गर्नुपर्थ्यो ।कतिपयलाई यो कुरा काल्पनिक लाग्ला तर मार्क्सवादकाल्पनिकविषय होइन,सामाजिक विज्ञान वा समाजवादी दर्शन हो ।यो विज्ञान विश्वका कुनै पनि महादेशहरूमा, कुनै पनि मुलुकहरूमा, कुनै पनि जाति-जनजाति समुदायमा, कुनै पनि धार्मिक मत वा सम्प्रदायमा र जस्तोसुकै सङ्कटपूर्ण अवस्थामा पनि लागू हुन सक्छ ।वास्तविकता के हो भने मार्क्सवाद भिन्नभिन्न स्थानमा भिन्नभिन्न रूपले प्रयोग हुन्छ र विजय पनि त्यसरी नै भिन्नभिन्न रूपले हुन्छ । तर मूल लक्ष्यचाहिँ व्यक्तिगत पुँजीलाई सामूहिकीकरण गर्नु हो, तानाशाहीको ठाउँमा जनवादी व्यवस्था स्थापना गर्नु हो, धरती र मानव जातिको सुरक्षा गर्नु होर यो खण्डित विश्वलाई अन्तर्राष्ट्रियकरण गरीअखण्ड बनाउने एवंमहान् धरतीलाई हराभरा पार्दै संसारलाई साम्यवादमा पुऱ्याउनु नै हो ।

हाइड्रोजन बम विश्वका तमाम शान्तिप्रेमी, न्यायप्रेमी जनताको माग वा चाहना थिएन ।बरू त्यो घातक शस्त्र यो सुन्दर धरती र मानव जातिको भाग्य एवं भविष्य छोट्याउने कुरा मात्र थियो,जुन आज भइरहेछ । किनकि आज संसारमा बनेका सबै आणविक बम र अरू ध्वंसात्मक शस्त्रहरूविश्वका सबै मानिसलाई बराबर बाँड्दा प्रति व्यक्ति ३ टन (टीएनटी) पर्छ ।सोचौं त,मात्र ७ ग्राम बारूदले भरिएको गोलीले एक व्यक्तिको मृत्यु हुन सक्छ ।

स्टालिनको निधनपश्चात् सोमियत रूसको सर्वोच्च सत्तामा खुश्चोभ पुगेपछि उनले समाजवादी रूसलाई पुँजीवादमा पुनर्स्थापना गर्न थाले । त्यो सामाजिक साम्राज्यवादमा विस्तारै पतन सुरूभयो ।तब अमेरिकाले आणविक बम प्रहार गरीगरेको विनाशभन्दा पनि सोमियतरूसी भूमि अरू सर्वनास भयो । समाजवादी मुलुकका निम्ति र विश्वका स्वाधीन मुक्तिकामी जनताका निम्ति साह्रै दुःखद अवस्था निम्तियो ।

क्रमशः

# मैले देखेको सन्ताउन्नौं विश्व सम्पदा : HMS भिक्ट्री जहाज

सुरेन्द्र ढकाल


जहाज हावाबाट चल्ने हुँदा यसका ध्वजाहरू यस्ता हुँदारहेछन्


जहाजको अगाडिको मोहोडा यस्तो रहेछ


जहाजको प्रवेशद्वारमा सुरेन्द्र सन् १९८९ मा


समुद्रको बीचमा HMS भिक्ट्री जहाज


उसान्तको पहिलो युद्धमा यो जहाजको प्रयोग यसरी भएको रहेछ


सिंगो जहाज यस्तो देखिँदो रहेछ

टुडोर हाउस र वंगैचा हेरी सकेपछि हामी पुनः डोभर फर्कने क्रममा HMS भिक्ट्री जहाज अवलोकन गर्न बेलायतको एटलान्टिक महासागरको पोर्टस्माउथको पश्चिम तटमा पुग्यौं। १०४ वटा तोप आकारको बन्दुक जडित काठैकाठले बनेको यो जहाज बनाउने आज्ञा सन् १७५८ बेलायती प्रधानमन्त्री पिट द एल्डरले दिएका रहेछन्।

१२ वटा युद्धपोत बनाउने आज्ञा दिएकोमा सबैभन्दा ठूलो चाहिँ यही HMS भिक्ट्री जहाज रहेछ र एक वर्ष लगाई १७५९ मा यो जहाज बनाउने कार्य सम्पन्न भएको रहेछ। १५० जना कामदार निरन्तर एक वर्ष लगाएर काठले बनाएको यो जहाजको लागि ६ हजार रुख ढाल्नु परेको रहेछ । जस्मा ओक, सल्ला जातका काठहरु बढी प्रयोग भएका रहेछन् । काठहरु जोडनको लागि भने ६ फिट लामा लामा तामाका किलाहरु प्रयोग भएका रहेछन् । तत्पश्चात सन् १७६५ देखि यो जहाज संचालनमा आएको रहेछ। यो जहाज उसान्टको पहिलो युद्ध, दोस्रो युद्ध, जिब्राल्टर माथिको विजयको युद्ध, केप सेन्ट भिन्सेन्टको युद्धमा प्रयोग भएको रहेछ।

यो मध्यकालिन युद्धपोत जहाजको डिजाइन सर थोमस स्लेडले गरेका रहेछन जो त्यतिखेर बेलायती जलसेनाका सर्भेएर रहेछन् । यो जहाज बनाउनका लागि त्यही बेलामा नै ६३ हजार १७६ बेलायती पाउण्ड खर्च भएको रहेछ र त्यसलाई अहिलेको मूल्यमा भन्ने हो भने ८० लाख पाउण्ड हुँदोरहेछ।

बेलायतले लडेको क्युवेक, मिण्डेन, लागोस, क्युवेरोन खाडी आदिको सात वर्षे युद्धमा आश्चर्यजनक जीत हात पारेको कारण यस जहाजको नामनै HMS भिक्ट्री जहाज राखिएको रहेछ। त्यसपछि यस्को राम्रो मर्मत संभार गरी सन् १८०५ मा भएको ट्राफल्गारको युद्धमा सेनापती लर्ड नेल्सनको नेतृत्वमा प्रयोगमा आएको रहेछ।

यस युद्धमा सेनापती नेल्सन लगायत ५७ जनाको मृत्यु १०२ जना घाइते भएका रहेछन्। त्यसैगरी जहाज पनि क्षतिग्रस्त भई आफैं चल्ने अवस्थामा नभएकोले अर्को जहाज HMS नेप्चुनले यसलाई तानेर जिब्राल्टरको बन्दरगाहमा ल्याएको रहेछ । त्यहाँ यस जहाजको मर्मत कार्य गरी नेल्सन लगायतका युद्धमा मारिएका लास बेलायत फर्काइएको रहेछ।

सन् १८३१ मा यो जहाज पुरानो भएको कारण यसलाई बिगारी यसका काठहरु अरु जहाज बनाउन प्रयोग गर्ने निर्णय भए तापनि यसको ऐतिहासिक महत्वलाई मर्न दिन हुँदैन र बिगार्न पाइँदैन भन्ने जनदबाब परेको कारण यो जहाज थन्केर बसेको रहेछ।

पछि सन् १८३३ मा तत्कालिन राजकुमारी भिक्टोरिया र उनकी आमा डचेस अफ केन्ट आएर यस जहाज अवलोकन गरी ट्राफल्गार युद्धका नायकहरुबारे जानकारी लिएर गएपछि सर्वसाधारण बेलायती जनतामा यो जहाजप्रतिको आर्कषण बढ्न गएको रहेछ र वर्षमा १२ हजार पर्यटकहरु यो जहाज हेर्न आउने गर्न थालेका रहेछन्। यो कुरा थाहापाई सन् १८४४ मा राजकुमारी भिक्टोरियाले दोस्रो पटक यो जहाज हेर्न आइछन् । तत्पश्चात वार्षिक पर्यटकको संख्या झण्डै दोब्बर भएर २२ हजार पुगेको रहेछ।

पछि १९२२ देखि यस जहाजलाई पोर्टस्माउथको सुख्खा बन्दरगाहमा ल्याई राखी पानीजहाज म्युजियम बनाइएको रहेछ । यस जहाज संसारको सबैभन्दा पुरानो सामुद्रिक जहाजीबेडामा गनिँदो रहेछ।

## राष्ट्रिय स्वतन्त्रताको रक्षा गर्न मालेको अपिल

काठमाडौं। नेकपा मालेले मुलुकको समसामयिक परिस्थितिको विश्लेषण गर्दै एक अपिल प्रकाशित गर्दै सरकारका गलत क्रियाकलापको भण्डाफोर गरेको छ। अपिलमा भनिएको छ- 'एमाले र माके पार्टीहरुले शक्तिलाभ तथा सत्ताप्राप्तिको निम्ति सिद्धान्तहिन ढंगले १७ असोज, २०७४ मा निर्वाचन गठवन्धन र ३ जेठ, २०७५ मा पार्टी एकीकरण गर्दै नेकपा (नेकपा) को निर्माण गरे। उनीहरुले आकर्षक वाचा-कवोलहरु गर्दै जनताबाट बहुमत हत्याई ३ फागुन, २०७४ मा केपी ओलीको नेतृत्वमा सरकार समेत गठन गरे। समय गुज्रदै जाँदा वास्तबिकता खुल्दै आएको छ; न उनीहरुका वाचा-कवोल साँचा रहेछन् नत उनीहरु नै कम्युनिष्ट।

उनीहरु निर्वाचनताका भन्थे, बृद्धभत्ता मासिक पाँचहजार पुर्याँछौ। तर बजेट बनाउदा त्यसलाई वास्ता गरेनन्। सरकारमा पुगेर बस-ब्यवसायीको सिण्डिकेट निर्मूल गर्ने घोषणा गरे तर त्यसलाई बिचमै छाडे। ३३ केजी सुनकाण्डका कुनै अपराधीलाई छोडिन्न भन्दै केही दिन उफ्रिए तर त्यसबारे पनि लत्तो छोडे। समयमा काम नसक्ने ठेकेदारहरुलाई ठेगाना लगाउँछौ भन्दै ढ्याङ्ग्रो ठोके तर केही दिन पछि नै चामचुम भए। जनताका अधिकार सुरक्षित गर्छौं भन्ने उनीहरु जनताले शान्तिपूर्वक विरोध गर्ने स्थानहरुलाई नै निषेधित क्षेत्र घोषित गर्न पुगे। जनताको सभ्य तर चर्को विरोधलाई मत्ताहात्तिले झैं पेल्ने उनीहरु सर्वोच्च अदालतको घोषणा खारेजी पछि मात्र लुत्रुक्क परेका हुन्। जनतालाई स्वास्थ, शिक्षा र सेवा सुलभ बनाउँछौ भन्ने उनीहरु लाज नमानी कानून वनाएर त्यसलाई खोस्न लागे। त्यसको विरोधमा अनशन वस्ने डा.गोविन्द केसी र सत्याग्रहका पक्षधरहरुलाई नानावलीका फतुर लगाई दुई-तिहाइको गदा नचाउँदै र असभ्यताका साथ बल प्रयोग गर्दै २७ दिनसम्म पेल्दै गए। तर डा.केसीको निष्ठा, जनताको र प्रमुख प्रतिपक्षी लगायत अन्य दलहरुको वढ्दो विरोध र आफू भित्रको बेमेलले गर्दा २७ औं दिनमा पुगेर मात्र उनीहरु मागवमोजिम ९ वुँदे सम्झौता गर्दै पछि हट्न बाध्य भए।

स्वर्गलाई नै धर्तिमा ल्याउने फुर्ति गर्ने नेकपा (नेकपा) का नेताहरुले उत्तर र दक्षिणबाट रेल ल्याउने, नेपालबाट पानीजहाज चलाउने जस्ता ठूलठूला कुरा गरे पनि धुलो, हिलो, खानेपानी, यातायात आदिको अव्यवस्थाबाट पीडित जनतालाई राहत दिन सिन्कोसम्म भाँचेका छैनन्। उल्टै जनतामाथि कृत्रिम महंगी, मुल्यवृद्धि, गरिवी र बेरोजगारीको भारी थपिदिएका छन्। उनीहरु एकरत्ती पनि सेवा र सुविधा नवढाइकन जनतालाई नयाँनयाँ चर्का कर र शुल्क तिर्न बाध्य पार्ने कानून बनाइरहेका छन्। समाजवाद वनाउने ठूलठूला गफ हाँक्ने उनीहरुले आव २०७५/०७६ को बजेट ल्याउँदा आयातमूखी, कामको लागि विदेश जान र परनिर्भर वन्न बाध्य भएको नेपालमा न उत्पादन वृद्धि गर्ने, न रोजगारी बढाउने नत स्वावलम्वी बन्ने कुनै योजना र कार्यक्रम ल्याउने काम गरेका छन्। उनीहरुका बाचा-कवोलहरु झुटा ठहरिएका यस्ता कैयौं उदाहरणहरु हाम्रो अघि छन्।

उनीहरु देशमा सामन्तवादको अन्त्य भयो, पुँजीवाद आइसक्यो र अव समाजवाद निर्माण गर्नुपर्छ भन्ने कुरा गर्दै जनतालाई अलमलाइरहेका छन्। देश अहिले सामाजिक पुँजीवादको निर्माण गर्नु पर्ने उपचरणमा छ। यो काम सामन्तवाद, नोकरशाही, दलाल तथा आसेपासे (क्रोनी) पुँजीवाद विरोधी राजनीतिक-आर्थिक तात्कालिक कार्यक्रम लागु गर्ने संघर्षबाट मात्र सम्भव हुन्छ। उनीहरुले देशका विशिष्टताहरु अनुसार मार्क्सवाद लागु गरेका छैनन्। मार्क्सवादको नाममा उनीहरु पुँजीवाद, विशेषतः नोकरशाही, दलाल तथा आसेपासे पुँजीवादको वकालत गरिरहेका छन्। अतः उनीहरु आफूले दावी गरेजस्तो कम्युनिष्ट पार्टी होइन, कम्युनिष्ट नामधारी बुर्जुवा पार्टी वन्न लागेका छन्।

यस्तो स्थितिमा हामी आह्वान गर्छौं : नेकपा (नेकपा) का विश्वासघाती नीतिहरुलाई चिनौं, भण्डाफोर र बिरोध गरौं। वाह्य शक्तिहरुको चलखेलले गर्दा देशको स्वतन्त्रता खतरामा पुगेको छ। अतः राष्ट्रिय स्वतन्त्रताको रक्षा गर्ने संघर्ष गरौं। लोकतन्त्रलाई विकृत बनाइएको छ, त्यसलाई मूल्य-मान्यतायुक्त वनाउने संघर्ष छेडौं। हामीले ३-३ पटक राजनीतिक क्रान्ति गरिसकेका छौं, अब सामाजिक बजार अर्थतन्त्रको आधारमा समृद्ध नेपाल निर्माणको संघर्षलाई अघि वढाऔं। वर्तमान अवस्थामा यही राजनीतिक र वर्गसंघर्षको सही कार्यदिशा हो जसले हामीलाई जनताको जनवाद तथा समाजवादतर्फ डोर्याउन सक्छ।'

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

सबै नेपालीको चाहना : लागू औषध उत्पादन, अवैध ओसारपसार र सेवनरहित समाजको कामना
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

# साहित्यसेवी पाठकलाई सम्मान



काठमाडौं । विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठान बेलायत च्याप्टरका अध्यक्ष खगेन्द्र पाठकलाई काठमाडौंमा सम्मान गरिएको छ । प्रतिष्ठानको केन्द्रीय कार्यालयद्वारा गत शनिबार अनामनगरस्थित विनायो रेस्टुराँको सभाहलमा आयोजित समारोहमा उनलाई सम्मान गरिएको हो । ताप्लेजुङको फूलबारी गाउँमा जन्मिएका पाठकले नेपाली सेनाको मेजर पदमा रही राजदरबारमा लामो समयसम्म काम गरेका थिए । दरबार हत्याकाण्डपछि सेनाको जागिरबाट राजीनामा दिई बेलायततर्फ लागेका पाठकले नेपाली भाषा, कला, साहित्य र नेपाली वाङमयलाई संरक्षण, सम्बर्द्धन एवं अन्तर्राष्ट्रिय बजारमा प्रबर्द्धन गर्दे आएका छन् । नेपाली कला साहित्यको प्रखर व्यक्तित्व पाठकले नेपाली भाषा, साहित्यको संरक्षण र बेलायतमा बसोबास गर्ने नेपाली परिवारका छोराछोरीहरुलाई नेपाली भाषा, संस्कृति, साहित्य र इतिहासको बोध गराउनका लागि विद्यालय संचालन समेत गरेका छन् ।

विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठानको केन्द्रीय कार्य समितिद्वारा आयोजित कार्यक्रममा प्रमुख अतिथि प्राज्ञ.डा उषा ठाकुर, अतिथिहरुमा पूर्वमन्त्री हरि न्यौपाने, पूर्वनिर्वाचन आयुक्त तथा पूर्व राजदूत डा.रामभक्त ठाकुर, पूर्वराजदुत प्रल्हाद प्रसाईं, संस्थाका सल्लाहकार किशोर उप्रेती, समाजसेवी श्रीकृष्ण प्रसाईं, संस्थाका वरिष्ठ सल्लाहकार लक्ष्मीप्रसाद प्रसाईं रहेका थिए ।

संस्थाकी सचिव कोपिला शिवाकोटीद्वारा संचालित सो कार्यक्रममा वरिष्ठ साहित्यकार लक्ष्मी उप्रेतीले स्वागत मन्तव्य राखेकी थिइन् । नेपाली कला साहित्यप्रेमीहरुको बाक्लो उपस्थिति रहेको कार्यक्रममा विभिन्न कविकवयत्रीहरुले कविता वाचनसमेत गरेका थिए । कार्यक्रममा पूर्वमन्त्री हरि न्यौपानेले कवितामार्फत सम्मानित पाठकलाई शुभकामना व्यक्त गरेका थिए भने पूर्वराजदुत प्रल्हाद प्रसाईंले नेपाली कला, साहित्यको प्रबर्द्धनका लागि विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठानको महत्वपूर्ण भूमिकाको चर्चा गरेका थिए ।

कार्यक्रमका प्रमुख अतिथि प्रा.डा उषा ठाकुरले नेपाली भाषा, वाङमयको संरक्षणका लागी सबै नेपाली लाग्नुपर्नेमा जोड दिएकी थिइन् । सम्मानित व्यक्तित्व खगेन्द्र पाठकले आफू विदेशमा रहँदा नेपालीपन झन् बढेको र नेपाली साहित्यमा योगदान पुऱ्याउने स्रष्टाहरुको वार्षिक सम्मानका लागि हाल चार जनाबाट सुरु गरिएको पुरस्कारको ब्यवस्थालाई बढाएर कम्तिमा ५० जनासम्म पुऱ्याउने लक्ष्य रहेको बताए ।

कार्यक्रमका सभापति एवं विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठानका अध्यक्ष गोपीकृष्ण प्रसाईंले विश्वभर छरिएर रहेका नेपाली साहित्यप्रेमीहरुलाई संस्थामा गोलबद्ध गर्दै सृजनात्मक एवं रचनात्मक कार्य गर्दै अघि बढिरहेको बताए । विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठानले विश्वभर छरिएर रहेका नेपालीहरुबीच साहित्यसेतुको काम गर्ने धारणा राख्दै प्रसाईंले खगेन्द्र पाठकको योगदान अमूल्य रहेको बताए ।

## पर्यटन

# खप्तड पुग्नैपर्ने गन्तव्य



खप्तड पुग्नैपर्ने गन्तव्य हो । किनभने यो प्रकृतिले सित्तैमा सजाएको अनुपम भू-सौन्दर्य हो, जसलाई जति हेरे पनि तपाईंको मन अघाउने छैन । यसको भौगोलिक बान्की, त्यससँगै लय मिलाइरहेको खोला, पृष्ठभूमिमा चाँदी झैं हिमाल, विशाल घाँसे मैदान, त्यहाँ फूलेका रंगबिरंगी वनफूल । आहा ! कति सुन्दर, कति शान्त । खप्तड धार्मिक पर्यटनका लागि कहलिएको स्थान हो । धार्मिक आस्था राख्नेहरु मात्र होइन, प्रकृतिसँग एकाकार हुन लालयितहरु पनि यहाँ पुगे हुन्छ ।

**के छ खप्तडमा ?**

यो प्रश्नलाई यसरी मिलाउन सकिन्छ, के छैन खप्तडमा । यहाँ अनन्त घाँसे मैदान छ । मैदानमा रंगबिरंगी वनफूल लहराइरहेका छन् । खप्तड बाबाको मन्दिर छ । मन्दिरलाई बीचमा पारेर बगेका कञ्चन खोला छ । खप्तड दह छ, अन्य मठमन्दिर छन् । र, २२ वटा साना-ठूला फाँट छन् ।

**के पाइन्छ खप्तडमा ?**

यस क्षेत्रमा ४ रैथानेसहित १ सय ३५ किसिमका फूल फुल्ने गर्दछन् । त्यसकारण पनि यो क्षेत्र प्रकृतिको खुला संग्रहालय र जीवित बगैंचा हो । नेपालमा पाइने ७ सय मुख्य जडिबुटीमध्ये २ सय २४ प्रजातिका जडिबुटी यसै क्षेत्रमा पाइन्छ । प्रकृतिको यो अनौठो संग्रहालयमा ५ सय ६७ प्रजातिका वनस्पति र विभिन्न २ सय ७० जातका चराचुरुंगी छन् । खस्रे भ्यागुता र बझांगे पाहा गरी दुई प्रजातिका रैथाने उभयचर बाघबुट्टे निगांलो पाइने यो नेपालको एक मात्र राष्ट्रिय निकुञ्ज हो । विश्वकै दुर्लभ जातिको हरियो छेपारो पाइने यहाँ २२ पाटन र ५२ झोती छन् । यो १ सय ७५ प्रजातिका चराले बच्चा कोरल्ने ठाउँ पनि हो । बझाड, बाजुरा, डोटी र अछामको संगम स्थल खप्तड क्षेत्र । चलन चल्तीमा खप्तड क्षेत्र बझाड र डोटीबाट जाने गरिन्छ । खप्तड क्षेत्रको प्रमुख स्थान त्रिवेणी मन्दिर हो । समुद्र सतहबाट २ हजार ७ सयदेखि ३ हजार २ सय २७ मिटरसम्मको उचाइमा २ सय २५ वर्गकिलोमिटर क्षेत्रफल ओगटेको खप्तड राष्ट्रिय निकुञ्ज विश्वमै अति दुर्लभ थलथले घाँसे मैदानयुक्त जमिन हो ।

**कसरी पुग्ने खप्तड ?**

खप्तड क्षेत्र पुग्न धेरै बाटा छन् । तर बझाड र डोटीबाट चलन चल्तीमा रहेको छ । खप्तड क्षेत्र पुग्नका लागि काठमाडौंबाट सीधै हवाई मार्ग हुँदै धनगढी पुग्न सकिन्छ अथवा बसको १५ घण्टे लामो यात्रा पश्चात पुगिन्छ, धनगढी । धनगढीदेखि डोटीको सदरमुकाम सिलगढीसम्मको यात्राको लागि ८ घण्टा बसको यात्रापश्चात सुरु हुन्छ, पैदल यात्रा । अलिहे बगलेगसम्म जीप पनि चल्ने भएकाले रिजर्भ गरेर पनि लान सकिन्छ । बग्लेगबाट ८ घण्टा यात्रामा पुग्न सकिन्छ, खप्तड क्षेत्र ।

## बांगा कविता

# वर्ल्ड त भूकम्पझैं आउँछ



● प्रेम ओली (ढकलपुरे)

मस्त निदाएको बेला
गोल भनेर जुरुक्क उठाउँछ
श्रीमती एउटा टिमतिर
छोरी अर्को टिमतिर
आफू अर्कै टिम भएपछि
थाहा छैन यो वर्ल्डकपले
कुन दिन यो घरको टिभी पनि फुटाउँछ ।
?

बुढीले भन्ने जर्मनी जर्मनी
छोरी भन्छे अर्जेन्टिना अर्जिन्टिना
म भन्छु पर्चुगल पर्चुगल
तर कोही सक्दैन हिर्काउन बल
हेर्दाहेर्दा आँखै टटाएर भर्खर निदाको बेला
बाहिर गोल भनी कोही कराउँछ
बल्ल बल्ल लागेको निद्रा फेरि हराउँछ
बुढीको टिमले हाऱ्यो भने सके भातै
नपाग्ला
छोरीको टिमले हाऱ्यो भने चिया नपाक्ला
आफ्नो पार्टी हाऱ्यो भने भोकै नलाग्ला
ती मोराहरु
न आमातिरका साख
न ती बाउतिरका साख
तर के गर्ने ?
आफ्नो टिम हाऱ्यो भने
बाउ मऱ्या जस्तो एक छाक छाड्याछ
न आफ्नो देश खेल्या हो
न आफ्नो कोही खेल्या हो
तर हार्दा किन सबलाई यसले पोल्या हो

आफ्नो टिमले हाऱ्यो भनी
यता छोरी रुन्छे उता छोरो रुन्छ
हारे पनि जिते पनि हामीले
हामीलाई खै के हुन्छ ?
आफ्नो टिमले हाऱ्यो भनी
यता छोरी सुक सुक उता बुढी पनि
ठुस ठुस
जसले हारे पनि, आफू त निदाइन्छ
फुस फुस
तर के गर्ने निदायो कि
यो वर्ल्डकपले भूकम्पजस्तै
गोल भन्दै जुरुक्क फेरि उठाउँछ
वर्ल्डकप यस्तै आइरह्यो भने
थाहा छैन कुन दिन यो ज्यानले
घरको टिलीभिजनै फुटाउँछ ।

# जय शम्भो भोलानाथ

(एक मित्रको सम्झनामा)

**प्रकाश चालिसे**



मेरो मित्र शम्भु ,मेरो भित्र शम्भु
मेरो आत्मीयता छ तपाईंसँग,
मेरो हाते मालो छ तपाईंसँग,
म तपाईंलाई धेरैजसो तिमी भन्छु,
किनकि मलाई तपाईंभन्दा तिमी भन्न मन पर्छ,
अनि हामी त्यो संस्थामा एकै दिन भर्ना भएका थियौं
अनि दुबै जना त्यसैको सपना लिएर जिएका थियौं
मलाई पक्का छ तिमी मलाई बिर्सन्न होलाउ,
बरु त्यो पहाड उड्न सक्छ, त्यो नदी सुक्न सक्छ,
म तिमीलाई हरपल सम्झिरहेको हुन्छु
अनि तिम्रो यादमा कविता लेखिरहेको हुन्छु
जय शम्भो भोलानाथ !!!

# विपरीत गोलार्द्धमा

**अशेष मल्ल**



लु भयो
म अब तपाइँसँग कुनै प्रश्न गर्ने छैन
आँखा चिम्लनेछु र,
यावत अनुत्तरित प्रश्न
अँध्यारोमा अँध्यारोसँगै
जलाइदिनेछु
र म मौन उभिनेछु
आफ्नै सपनाको वृत्तमा
कोही हुने छैनन्
मेरा वरिपरी तपाइँभरि
केवल लमतन्न सडक
लौ अब कुदाउनुस्
कालो घोडा निस्फिक्री
अबोध छातीहरूमा
म केही बोल्ने छैन
मात्र चिम्लनेछु आँखा
र हराउनेछु आफैबाट टाढा
म अब कुनै प्रतिवाद गर्नेछैन
कोर्नुस बतासका छातिभरि
काला अक्षरहरू
सारा आकाश तपाइँकै हुनेछ
उड्नुस् बाइपंखी घोडामा
या नाच्नुस्
आफ्नै पागल सपनाहरूको वृत्तमा
म व्युँझँदा पो दुख्छ
तपाइँको छाती र
चिथोरिन्छन् तपाइँका सपनाहरू

लौ भयो,
म निदाइदिनेछु
ढुक्कले कुदाउनुस् अब
तपाइँका घोडाहरू
चाहे जति बादलका धर्तिहरूमा ।
म मात्र किन उभिरहूँ
तपाइँको विपक्षी गोलार्द्धमा
किन कालो प्ले कार्ड लिएर
उभिरहूँ जीवनभर
समयको किनारमा
तपाइँले टेक्दा
दुख्दैन अरूका छाति भने
म मात्रै किन
दुख्नुको पीडामा उभिइ रहूँ
भयो, अब म मौन पल्टिनेछु
तपाइँका सपनाका घोषणा पत्रहरूमा
कुदाउनुस् रथहरू कति कुदाउनु हुन्छ
मेरा अबोध छातिमा
यति भए शायद तपाइँको
त्रिलोकीय सम्राट बन्ने सपना
शायद पुरा होला
र हिरन्यकशिपु सपना
अझ लम्बिने होला
केही समय
यहीँ यो अभागी धर्तिको
एउटा कुनामा !!

*(नेपाली कला साहित्य डट कम प्रतिष्ठानबाट)*

# जीवनोपयोगी सीप तालिमले बदलेको जिन्दगी






रिसब गौतमबाट

५ महिनाअघि ललितपुर जिल्ला महालक्ष्मी न.पा. वडा नं ९ लामाटार गौरीगाँउ निवासी रीता पुकुर्टीको दिनचर्या घरेलु काम र खेतीपाती गर्दै बित्थ्यो । बिहानदेखि बेलुकासम्म उनलाई घरबाट बाहिर निस्कने फुर्सद हुँदैनथ्यो । उनको दैनिकी यसरी नै चल्दै थियो ।

आ.व. ०७४/७५ मा घरेलु तथा साना उद्योग कार्यालय ललितपुरको सहयोगमा एकिकृत समाज विकास नेपालले ललितपुर जिल्लामा संचालन गरेको गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) अन्तर्गत साबुन बनाउने सीप विकास तालिम लिएपछि उनी लगायत महिला जागृती लघु उद्यमी समूहका सदस्यले अहिले साबुन बनाएर बिक्रि वितरण गरी जीवनस्तर उकास्न थालेका छन् ।

आफूसँग सीप नभएपछि आफूलाई खर्च गर्न पनि सधैं घर परिवारका सदस्यहरुको भर गर्नुपर्थ्यो । पुकुर्टी भन्छिन् '४५ दिने साबुन बनाउने सीप विकास तालिमले मलाई आत्मनिर्भर बनाएको छ । अब केही दिनमै व्यवसाय सुरु गर्ने सोचमा छु र सम्पूर्ण तालिम लिएका महिला दिदिबहीनीलाई पनि व्यवसाय सुरु गराउने सोचमा हुनुहुन्छ ।'

खोकनाका शारीरिक रुपमा अशक्त पुनम मर्हजन पनि घरमा बसेर कसले देला र खाउँला, कसले हेरौंला भनेर घरको बोझ बन्नुभन्दा पनि सिकेको सीप व्यवहारमा लागू गरी आफूलाई व्यस्त राख्दै व्यवसाय संचालन गरी आफ्नो र परिवारको खर्च टार्ने सोच बनाइ कम्मर कसेकी छिन् ।

पुनम महर्जन र रीता पुर्कर्टी त नमुनापात्र मात्रै हुन् । ग्रामीण भेगदेखि सहरसम्म यस गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमले मागमा आधारित जीवनोपयोगी सीप विकास तालिम लिएर आत्मनिर्भर बन्ने महिलाको संख्या दिन प्रतिदिन बढ्दै गइरहेको छ । महिलाहरु शिक्षित भएसँगै उद्यम व्यवसायमा अग्रसर हुनथालेका छन । गरिबीको रेखामुनि रहेका व्यक्तिहरुलाई उद्यमशीलताको माध्यमबाट सीप सिकाइ व्यबसायतर्फ अग्रसर भई संचालन गरिरहेकाले समग्र राष्ट्रकै गरिबी न्युनीकरणमा टेवा पुगेको छ ।

०७४ पुस महिनादेखि ०७५ असार महिनासम्म सञ्चालन भएको यस कार्यक्रम ललितपुर महानगरपालिकाको खोकना र बुङमती महालक्ष्मी नगरपालिकाको लुभु, लामाटार र टिकाथली, गोदावरी नगरपालिकाको चापागाउँ, छम्पी, टिकाभैरब र घ्याप्पेडाँडा, कोन्ज्योसोम गाउँपालिकाको चौघरे बाग्मती गाउँपालिकाको प्युटार, इकुडोल, घुसेल र महांकाल गाउँपालिकाको मानीखेल र गोटीखेलमा गरी ४०५ जना लघु उद्यमी तयार भएका छन् । यस कार्यक्रमअन्तर्गत सिलाइ कटाई, मोबाइल मर्मत, बेकरी उत्पादन, मखमलको जुत्ता बनाउने, साबुन बनाउने, क्रिस्टलको गरगहना बनाउने, तरकारी खेती, कुखुरा पालन, बुटिक तथा इम्ब्रोइडरी, व्युटिपार्लर, बाबीयो डोरी बनाउने, झोला बुनाइ, मौरीपालन जस्ता तालिम लिई व्यबसाय सुरु गरिरहेका छन् । सो उद्यमीहरुलाई संस्थाले लघु वित्तमा पहुँच पुऱ्याई, प्रविधि हस्तान्तरण गरी उत्पादित सामानको बजारीकरणमा समेत सहयोग पुऱ्याएको छ । यस कार्यक्रमले गरिबीको रेखामुनि रहेका लक्षित वर्ग महिला, दलित, युवा, जनजाति, पिछडिएका समुदायको आयआर्जन, क्षमता विकास र रोजगारीमा सहयोग पुगेको एकिकृत समाज विकास नेपालका कार्यकारी निर्देशक दिपक कार्कीले बताउनुभयो ।

# पाकिस्तानी राजनीतिमा नयाँ शक्तिको उदय



विष्णु भट्टराई

गत २५ जुलाईमा सम्पन्न पाकिस्तानी आम निर्वाचनमा पूर्व क्रिकेटर इमरान खानले नेतृत्व गरेको पार्टी पाकिस्तान तहरिक ए इन्साफ (पीटीआई) पार्टी सबभन्दा ठूलो राजनीतिक दलको रुपमा उदाएको छ। पीटीआईको स्थापना सन् १९९६ मा भएको थियो । पार्टी स्थापनाको २२ वर्षपछि इमरान खान पाकिस्तानको प्रधानमन्त्री बन्दैछन् । पीटीआईको यो जितलाई पाकिस्तानमा नयाँ शक्तिको उदयका रुपमा समेत विश्लेषण गरिएको छ । इमरान खानको पार्टीले कुल ११९ सिटमा जित हासिल गरेको छ। बहुमतका लागि आवश्यक १३७ सिटको आँकडा छुनबाट १८ सिटले पीटीआई पछि परेको छ । स्वतन्त्र उम्मेदवारहरुको सहयोगमा सम्भवतः दुई सातापछि इमरान पाकिस्तानको सत्ता हाँक्नेछन् ।

पाकिस्तानमा कप्तान नामले चिनिने इमरानले क्रिकेटको सफलतामा पनि दुई दशक संघर्ष गरेका थिए । उनले पहिलो टेस्टमा एक विकेट पनि लिन सकेनन् । १९ वर्षको उमेरमा क्रिकेटमा डेब्यु गरेका इमरानले ४० वर्षको उमेरमा विश्वकप जितेका थिए । सन् १९७१ मा इमरानले इंग्ल्यान्ड विरुद्ध बर्मिघममा भएको टेस्टबाट डेब्यु गरेका थिए । तर दुई पार्टीमा २८ ओभर बल खेल्दा उनले एक विकेट पनि लिन सकेनन् । तीन वर्षपछि सन् १९७४ मा इंग्ल्यान्डविरुद्ध उनले आफ्नो पहिलो टेस्ट विकेट लिए । म्याचमा दशभन्दा बढी विकेट लिन उनले ८ वर्ष मेहनत गर्नुपऱ्यो । इमरानकै कप्तानीमा पाकिस्तानले सन् १९९२ मा विश्वकपको उपाधि उचालेको थियो । त्यसयता पाकिस्तान क्रिकेटमा विश्व च्याम्पियन बन्न सकेको छैन । इमरान पाकिस्तानी राष्ट्रिय क्रिकेट टिमका सफल खेलाडी हुन् । उनले पाकिस्तानको तर्फबाट ८८ टेस्ट, १७५ वटा वान डे ३८२ वटा फस्ट क्लास क्रिकेट ४२५ वटा लिस्ट अ क्रिकेट खेलेका छन् । टेस्टमा ६ शतक र १८ अर्धशतक वान डेमा १ शतक र १९ अर्ध शतक र फस्ट क्लास क्रिकेटमा ३० शतक र ९३ अर्ध शतक त्यस्तै लिस्ट अ क्रिकेटमा ५ शतक र ६६ अर्धशतक पूरा गरेका छन् । तर क्रिकेट जीवनको उनको सबैभन्दा ठूलो सफलता १९९२ को वान डे क्रिकेटमा पाकिस्तानलाई विश्व विजेता बनाउनु नै हो । यही खेलमा उनी काँधको चोटले लगभग असक्त भए र क्रिकेट मैदानबाट संन्यास लिए । यसपछि कप्तान खानको सुरु भयो राजनीतिक यात्रा ।



पाकिस्तानलाई हालसम्म चार जना जननिर्वाचित र चार जना सैनिक शासकले हाँकिसकेका छन् । जनताबाट अनुमोदित भएर, लियाकत अलि खान, जुल्फिकर अलि भुट्टो, बेनजिर भुट्टो र नवाज सरिफले देश हाँके भने सैनिक शासकका रूपमा अय्युब खान, याह्या खान, जिया उल हक र परवेज मुसर्रफले शासन गरे । अब प्रधानमन्त्री भएमा इमरान खान जननिर्वाचित सरकारले हस्तान्तरण गरेको तेस्रो र समग्रमा पाँचौं जननिर्वाचित प्रधानमन्त्री बन्ने अवस्थामा आइपुगेका छन् ।

सुरुवाती चरणमा उनलाई कसैले साथ दिएनन् । सन् २००२ को निर्वाचनमा २७२ स्थानमध्ये उनको पार्टीले १ स्थान मात्रै जित्न सफल भयो र खान संसद्मा आफ्नो पार्टीको एक्लो सांसद बने । त्यतिबेला इमरानको पार्टीले केवल शून्य दशमलव ८ प्रतिशत भोट मात्रै पायो । उनले मियावली निर्वाचन क्षेत्रको एनए-७१ बाट चुनाव जितेका थिए ।

सन् १९९९ मा जनरल परवेज मुसर्रफले गरेको सत्ता 'कु' लाई उनले समर्थन गरे । तर सन् २००२ को निर्वाचनमा तत्कालीन राष्ट्रपति तथा सैनिक शासक मुसर्रफलाई 'अमेरिकी राष्ट्रपतिको जुत्ता चाट्ने' आरोप लगाएपछि खान चर्चा र विवादमा परे । राष्ट्रपतिविरुद्ध कडा अभिव्यक्ति दिएका उनलाई नजरबन्दमा राखियो । सन् २००७ को ३ नोभेम्बरमा मुसर्रफले पाकिस्तानमा संकटकाल घोषणा गरेकोमा पनि इमरानले विरोध गरेपछि उनलाई 'देशद्रोही'को आरोप लगाइयो र घरमै नजरबन्दमा राखियो । तर उनी त्यहाँबाट भागे । सन् २००८ को निर्वाचनमा उनको पार्टीलाई जनताले पत्याएनन् । त्यसको पाँच वर्षपछि अर्थात् सन् २०१३ को निर्वाचनमा भने उनको उपस्थिति बलियो देखियो । युवाहरुको विश्वास जित्दै गए भने राजनीतिमा स्वच्छ सरकार, भ्रष्टाचारविरोधी कानुन, स्वतन्त्र न्यायपालिका, चुस्त सुरक्षा व्यवस्था र आतंकवादविरोधी पाकिस्तानजस्ता नाराले उनलाई लोकप्रिय बनायो । यसैको निरन्तरता हो, यसपटकको निर्वाचनमा इमरान खानलाई जनताले विश्वास गरेका छन् र उनको 'नयाँ पाकिस्तान'को अभियानलाई साथ दिएका छन् ।

निर्वाचनमा आफ्नो पार्टीले सबैभन्दा धेरै सिट जितेपछि गरेको एक भाषणमा उनले आफूलाई 'स्टेटमेन' को भूमिकामा उभ्याउन खोजेका छन् । आफ्नो सम्बोधनको सबैभन्दा धेरै समय उनले पाकिस्तानमा के-के परिवर्तन ल्याउने, किन समस्यामाथि ध्यान केन्द्रित गर्ने र त्यसको समाधानका लागि के गर्ने, प्रशासनिक सुधार, खर्चमा कटौती, सुधार कार्यक्रम र अर्थव्यवस्थालाई बलियो बनाउने कुरामा जोड दिए । अनि पाकिस्तानको विदेश नीतिको सबैभन्दा ठूलो चुनौतीका विषयमा पनि कुरा गरे । चीनसँग पछिल्लो समयमा विकास भएको सम्बन्धप्रति खान सकारात्मक देखिए । उनले चीनका उपलब्धिले आफूलाई प्रेरित गर्ने बताए ।

इमरान खानले आफ्नो पार्टी सबैभन्दा ठूलो दलका रूपमा स्थापित भएपछि भारत र पाकिस्तानबीचको व्यापारिक सम्बन्धमा जोड दिएका छन् । खानले काश्मीर मुद्दाको समाधान हुनुपर्नेमा जोड दिँदै भारत प्रशासित जम्मु काश्मीरमा भारतीय सेनाले विद्रोहीविरुद्ध जारी राखेको कारबाहीको कडा आलोचना गरेका छन् । उनले काश्मीरमा भारतीय सेनाले मानवअधिकारको उल्लंघन गरिरहेको बताएका छन् । भारत एक कदमअघि आए आफूहरु दुई कदम अघि आउने भन्दै उनले दुवै देश एसियाका लागि महत्वपूर्ण भएको बताएका छन् । तर भारतीय मिडियाहरुले इमरान खानलाई पाकिस्तानी राजनीतिका एक खलनायकको रुपमा प्रचार गरिरहेका छन् ।

दुई देशबीचको समस्या वार्ताका माध्यमबाट हल गर्नुपर्नेमा जोड दिएका छन् । दुवै देशमा रहेको गरिबी अन्त्यका लागि पनि व्यापारिक सम्बन्धलाई बलियो बनाउनुपर्ने आवश्यकतामाथि उनको जोड थियो ।

पाकिस्तान दक्षिण एसियाका दुई परमाणु शक्ति राष्ट्रमध्ये एक हो । सन् १९४७ मा स्वतन्त्र भएदेखि भारतसँग पटकपटक युद्ध गर्दै आएको पाकिस्तानमा पटकपटक जननिर्वाचित सरकारलाई हटाएर सैनिक शासन थोपरेको इतिहास छ । त्यति मात्रै होइन, पाकिस्तानमा हरेकपटकका निर्वाचनसँगै सैनिक हस्तक्षेपको विषय जबर्जस्ती रूपमा आउँछ। अबको सरकारले सेनालाई बलियो बनाउने तर प्रजातान्त्रिक मूल्य मान्यता र जनअभिमतलाई कुल्चन घेरा तय गर्दै प्रजातन्त्रलाई परिपक्व बनाउनुपर्नेछ। केही वर्षदेखि पाकिस्तान आतंकवादीको क्रीडास्थल बन्दै गएको छ । यो निर्वाचनको प्रचारदेखि मतदानसम्म पनि यस्ता थुप्रै आतंकवादी हमलाहरु भए । अफगानिस्तानसँग रहेको लामो, खुला र विकट सिमानाका कारण पनि पाकिस्तानमा आतंकवादी क्रियाकलाप सञ्चालन गर्न सहज बनेको देखिन्छ। सीमालाई व्यवस्थापन गर्दै पाकिस्तानी भूमिमा आतंकवादको अन्त्य चुनौतीको विषय बनेको छ । यसैगरी, काश्मीर समस्याको समाधानका लागि पहल गर्नु, बलुचिस्तानका जनतालाई शान्ति दिनु, प्रशासनिक सुधार र अर्थव्यवस्थालाई बलियो बनाउनु नयाँ नेतृत्वका चुनौती हुन् ।

अर्को विषय भनेको भारतले पटकपटक पाकिस्तानले आतंकवादविरुद्ध कदम नचालेसम्म सम्बन्ध सुधार नहुने बताउँदै आएको छ। भारतले आतंकवादका रूपमा गरेको व्याख्यामा समस्या छ । उसले काश्मीर र आसपासका क्षेत्रमा लामो समयदेखि न्यायका लागि लडिरहेका काश्मिरीलाई आतंकवादी भन्दै त्यसलाई पाकिस्तानले साथ दिएको आरोप लगाउने गरेको छ । त्यसकारण पनि पाकिस्तानले असली आतंकवादीविरुद्ध निर्णायक संघर्ष गर्नुपर्नेछ। निष्ठावान् घोषणा हो वा होइन भन्ने प्रस्ट पनि पार्नेछ ।

पाकिस्तानी जनताको जीवनमा धर्मको एक महत्वपूर्ण स्थान छ। चुनावदेखि सरकारसम्म पनि यसबाट अछूत छैन । पाकिस्तानमा हालै केही धार्मिक-राजनीतिक समूहहरुको उदय भएको छ। त्यसको व्यवस्थापन गर्नुपर्नेछ। यो चुनावमा जनताको जीवनसँग प्रत्यक्ष जोडिएको रोजगारी, विद्युत्, सडकजस्ता आधारभूत मुद्दाहरुको समाधान गर्नुपर्नेछ । पाकिस्तानमा मतदातालाई सबैभन्दा प्रभावित पार्ने एजेन्डा विकासको एजेन्डा पनि भएकाले यसपटक जसले राम्रोसँग सम्बोधन गर्न सक्छ, उसले आगामी चुनावमा पनि राम्रो स्थान पाउन सक्छ । धेरैले इमरान खान देशको विकास र परिवर्तनका लागि सक्षम रहून् र आर्थिक अवस्थामा परिवर्तन ल्याउन सक्छन् भन्ने विश्वासको मत पनि पाएका छन् ।

अब निर्दलीय सांसद कुनै न कुनै पार्टीमा सामेल हुन पाउनेछन् भने कुल सिटको अनुपातका आधारमा विशिष्ट सिटमा महिला र अल्पसंख्यक समुदायका उम्मेदवारको नामको अन्तिम टुंगो लगाउन बाँकी छ । केन्द्रीय सभामा ६० सिट आरक्षण रहेको छ । जसमा ३३, पन्जाब, १४ सिन्ध, ९ खैबर पख्तुनख्वा र चार बलुचिस्तानका महिलाका लागि हो । त्यसपछि मात्रै राष्ट्रपति ममनुन हुसेनले केन्द्रीय सभाको बैठक बोलाउनेछन् । अघिल्लो सभाका अध्यक्ष आयाज सादिकको अध्यक्षतामा हुने यो बैठकमा नयाँ सदस्यले शपथ लिनेछन् । त्यसपछि सभामुखको चुनावपछि नयाँ सभामुख आएर प्रधानमन्त्रीको निर्वाचनको मिति तय गर्नेछन् । प्रधानमन्त्री निर्वाचनको कार्यक्रम सार्वजनिक भएर संसद्मा गोप्य मतदानको आधारमा प्रधानमन्त्री निर्वाचित हुनेछन् । ३४२ सदस्यीय सभामा १७२ सदस्यको समर्थन पाउने व्यक्ति पाकिस्तानको आगामी प्रधानमन्त्री बन्नेछन् ।

खेल जीवनको सफलतापछि राजनीतिमा पनि सफल भएका व्यक्ति इमरान खान मात्र एक्ला होइनन् । युगान्डाका सैन्य तानाशाह इदी अमिन दादा एक व्यवसायी नामुद बक्सर थिए । सन् १९६० को मध्यमा उनी लाइट हेभिवेट बक्सिङ च्याम्पियन थिए । त्यसो त उनी पौडी खेल्नमा पनि माहिर थिए । अमिन सन् १९४६ मा ब्रिटिस औपनिवेशिक रेजिमेन्ट किंग्स अफ्रिका राइफल्समा सामेल भए । युगान्डाको सेनामा मेजर जनरल तथा कमान्डरको पद हासिल गरेका थिए । उनले २५ जनवरी १९७१ म सैन्यबलमा तत्कालीन राष्ट्रपति मिल्टन ओबाटेलाई पदबाट हटाई आफू राष्ट्रपति भएका थिए । १९७१ देखि १९७९ सम्म अमिन युगान्डाको राष्ट्रपति पदमा रहे । उनको शासनकालमा मानव अधिकारको हनन, जातीय उत्पीडन, राजनीतिक दमन, गैरकानुनी हत्या, भ्रष्टाचार, नातावाद आर्थिक दुरुपयोग भएको मानिन्छ । अमिनको शासनकालमा ५ लाख मानिस मारिएको अनुमान छ। १६ अगस्ट २००३ मा उनको निधन भयो ।

हँगेरीका वर्तमान प्रधानमन्त्री विकटर ओर्बन एक व्यवसायी फुटबल खेलाडी थिए । ओर्बन सन् २०१० देखि हँगेरीका प्रधानमन्त्री छन् । लाइबेरियाका राष्ट्रपति जार्ज बिहन पनि एक फुटबलर हुन् । उनले लाइबेरियाका लागि २२ इन्टरनेसनल गोल गरेका छन् । मोनोकोका प्रिन्स अल्बर्ट क्रस कन्ट्रिरेस ज्यावलिन थ्रो, ह्यान्डबल, जुडो, स्विमिङ टेनिस सेलिङ जस्ता खेल प्रतियोगितामा सहभागी हुन्थे । ब्रिटेनका पूर्व प्रधानमन्त्री एलेक डगलस पनि एक क्रिकेटर थिए । सन् २०१९ को नाइजेरियाको राष्ट्रपति पदका उम्मेदवार बन्दैछन् न्वान्को कानो । उनी पनि खेलाडी नै हुन् ।

## रोचक संसार

### आइफोन बेचेर घर



अहिलेको जमानामा मानिसहरुलाई कोभन्दा को कम भन्ने नशा नै लागेको छ । प्रतिस्पर्धाको यो युगमा अघि बढ्न वा चाहेको कुरा प्राप्त गर्नका लागि कोही मानिसहरुले निकै स्मार्ट तथा इमान्दार बाटो अपनाउँदछन् तर केही मानिसहरु जुनसुकै हदसम्म गिर्न तयार हुन्छन् ।

चीनमा हालै यस्तै घटना सार्वजनिक भएको छ । जसमा एक युवतीले घर किन्नका लागि एक दुई होइन २० जना ब्वायफ्रेण्ड बनाइन् । एक पछि अर्को गर्दै नयाँ नयाँ केटाहरुसँग प्रेमको नाटक रची सबैसँग आइफोन सेभेन फुत्काउन सफल भइन् । आफ्ना सबै २० ब्वायफ्रेण्डसँगबाट गरी २० वटा आइफोन हात पार्न सफल भएकी ती युवती अन्ततः एकसाथ सबै केटाहरुलाई जिल्ल पार्दै छाडिन् ।

ती युवतीको नाम शायली भएको बताइएको छ । उनले २० वटा आइफोन सेभेन जम्मा पारेसँगै एक मोबाइल फोन बिक्रेता कम्पनीमा लगेर बेचिन् । कम्पनीले उनलाई ती आइफोनको झण्डै १८ हजार डलर बराबरको रकम दियो । त्यो रकम घर किन्नका लागि पर्याप्त थियो । शायलीले सोही पैसाले आफ्ना लागि घर खरीद गरिन् । आफ्ना बुवाआमा निकै बुढा भएका र आफुलाई जसरी पनि बस्ने घर किन्ने दबाब परेकोले आफुले त्यस्तो बाटो अपनाएको उनले बताएकी छिन् ।

### ८० लाखको कुकुर



दक्षिण अमेरिकी देश कोलम्बिया लागु औषध तस्करीका लागि विश्वभर कुख्यात देश हो । त्यहाँ कैयन् लागुऔषध कारोवारीहरु वर्षौंदेखि आफ्नो कारोबार जमाएर बसिरहेका छन् । तर पछिल्लो दिनमा एउटा कुकुरले कोलम्बियाका धेरै तस्करहरुलाई बाँच्नै मुस्किल बनाइदिएको छ ।

सोम्ब्रा नामक उक्त कुकुरले २ वर्षमा झण्डै १ अर्ब रुपैयाँ बराबरको मूल्यको लागुऔषध बरामद गर्न सहयोग गरेको छ, पुलिसलाई । कुकुरका कारण निदहराम भएका लागुऔषध अपराधीहरुले कुकुरको टाउकाको मूल्य तोकेका छन् । उक्त कुकुरलाई जिउँदै वा मारेर ल्याउने मानिसलाई ८० लाख रुपैयाँ बराबरको पुरस्कार दिने घोषणा तस्करहरुले गरेका छन् ।

कोलम्बियाको पुलिसले नै यो कुकुरका विषयमा ट्विट गरेर यसको योगदानका विषयमा सुरुमा जानकारी प्रदान गरेको थियो । शेफर्ड जातको सोम्ब्रा कुकुरले पछिल्लो दुई वर्षदेखि कोलम्बियाको पुलिस विभागमा काम गर्दै आएको छ । यो कुकुरको सहयोगले पुलिसले २ सय ४५ जना लागुऔषध अपराधी पक्रिन सफल भएको छ । यसले देशका दुईवटा ठूला एयरपोर्टमा पालैपालो ड्युटी गर्ने ग्रेको छ ।

समाचार अनुसार सोम्ब्राले सन् २०१६ को मार्चदेखि लागूऔषध कारोबारी विरुद्ध युद्ध सुरु गरेको हो । यो कुकुरमा लागुऔषध सुँघेर पत्ता लगाउने अद्भुत क्षमता छ । पहिलोपटक सन् २०१६ को मार्च महिलामा यसले बाकसमा लुकाएर तस्करी गर्दै गरिएको २९५८ किलो कोकिन पक्रिएको थियो । उक्त बाकस बेल्जियम तस्करी गरिँदै थियो । त्यसपछि सन् २०१७ को मे महिनामा पनि बेल्जियम पठाउन लागिएको १.१ टन कोकिन यसले पक्राउ गरेको थियो । त्यसपछि ५.३ टन कोकिन पनि उसले पक्रिएको थियो ।

यो कुकुर बुलेटप्रुफ गाडीमा हिड्दछ । यो कुकुरको सुरक्षार्थ दुईजना बन्दुकधारी प्रहरीहरु खटिने गरेका छन् । एयरपोर्टमा पिक आवरमा ६ घण्टाका लागि यसलाई ड्युटीमा खटाइन्छ । यो कुकुरको उमेर ६ वर्षको रहेको छ ।

### ट्युमरलाई गर्भवती भन्दै उपचार



काठमाडौं । डाक्टरहरुले विरामीको उपचारमा कतिसम्म लापरवाही गर्दछन् भन्ने कुराको अर्को उदेक लाग्दो उदाहरण सार्वजनिक भएको छ । पेटमा ट्युमर भएकी एक महिलालाई गर्भवती भन्दै नौ महिनासम्म उपचार गरिएको खबर सार्वजनिक भएको हो ।

यो सन् २०१६ मा भारतको तमिलनाडुमा भएको खबर हो। तमिलनाडुको एक सरकारी अस्पतालका डाक्टरहरुले महिलाको पेटमा पलाएको ट्युमरलाई गर्भ बसेको भन्दै उपचार गरेका छन् ।

पीडित महिलाले आफ्नो उपचारमा लापरवाही गरिएको भन्दै डाक्टरहरुलाई कारवाहीको माग गर्दै अदालतको ढोका ढक्ढकाएकी छन् । उनले पाँच लाख रुपैयाँ जरिवानासहित कारवाहीको माग गरेकी छन् ।

पीडित महिलाका अनुसार उनको महिनावारी अनियमित भएपछि अस्पताल गएकी थिइन् । स्वास्थ्य जाँच गरेपछि डाक्टरहरुले उनी गर्भवती भएको बताए । मार्च महिनामा अस्पताल पुगेकी उनलाई नोभेम्बर महिनामा बच्चा जन्मिने मिति पनि दिइयो । तर, बच्चा जन्मिने समय आए पनि उनलाई प्रसव पीडा भएन । त्यसपछि ति महिला फेरि अस्पताल पुगिन् । डाक्टरहरुले भिडियो एक्सरे गरेर बच्चा ठीक भएको बताए र अझै केही दिन पर्खिन भने ।

२१ नोभेम्बरमा उनलाई एकदमै पेट दुख्यो । त्यसपछि उनलाई अस्पताल भर्ना गरियो । त्यतिबेला बल्ल डाक्टरहरुले भने कि उनको पेटमा बच्चा होइन, ट्युमर पो छ ।

यी सबै विवरण खुलाएर उनले मद्रास उच्च अदालतमा मुद्दा दर्ता गराएकी छन् । गर्भवती भएको भनेर डाक्टरहरुले झूठो बताएको र गर्भावस्थामा खाने अनावश्यक औषधिहरु खान दिएको भन्दै उनले उजुरी दिएकी छन् ।

### भुपु लोग्नेले दिएको गुजारा भत्ता कति ?

काठमाडौं । डिभोर्स गरेकी आफ्नी पूर्व पत्नीलाई पुरुषले दिने गुजारा अर्थात् मानाचामल बापतको रकम कति होला ? नाम नै गुजारा भत्ता भनेपछि त्यो सानो रकम नै होला भन्ने अनुमान हुन्छ । तर भारतमा एउटा यस्तो घटना भएको छ, जहाँ एकजना महिलालाई उनका



पूर्व पतिले दिएको गुजारा भत्ताको रकम अदालतको इजलासमा दिनभर गन्दा पनि सकिएन ।

सायद दिनभर गन्दा पनि नसकिने भनेपछि त्यो रकम अर्बौंमा हुनुपर्छ भन्ने अनुमान लगाउनुभयो होला । तर होइन, ती महिलाले उनका पूर्व पतिबाट हरेक महिना गुजारा भत्ताबापत २४ हजार ६ सय भारु पाउनुपर्ने फैसला अदालतले गरेको थियो ।

सोही मुताविक उनका पतिले उनलाई गुजारा भत्ता दिए । अदालतमै पहिलो किस्ता बुझाउने क्रममा ती व्यक्तिले इजलास कक्षमै पैसाको थुप्रो लगाइदिए ।

खुद्रा पैसाका सिक्का जम्मा गरेर २४ हजार ६ सय भारु पूराएको हुँदा त्यहाँ पैसाको ठूलै थुप्रो लागेको थियो । त्यो रकम गन्नका लागि न्यायाधीशले अदालतका अन्य पेशीहरु नै स्थगित गर्नुपरेको थियो ।

डिभोर्सी महिला पेशाले वकिल हुन् भने उनका भुपु पति पनि वकिल नै हुन् । भारतको चण्डीगढमा यो घटना भएको हो । भुपु लोग्नेले गुजारा भत्ताको रकम दिने नाउँमा एक दुई भारुका सिक्काको थुप्रो लगाएर गन्न भनेपछि ती महिलाले आपत्ति जनाइन् । भुपु लोग्नेले आफुलाई दुख दिनका लागि त्यसो गरेको उनको भनाई थियो । तर ती पुरुषले चाहीँ कसैलाई दिनुपर्ने रकम १ सय, २ सय वा २ हजार भारुका नोटमै दिनुपर्छ भन्ने कहीँ नलेखेको दावी गरे । उनको बोरामा लिएर अदालतभित्रै थुप्रो लगाइदिका सिक्काहरु दिनभर पनि गन्न नसकिएपछि न्यायाधीशले चोटिलो आदेश गरे । उनले पैसा बोकेर २७ जुलाईमा पुनः आउन ती पुरुषलाई आदेश दिएका छन् ।

### भियग्रा खुवाउँदा ११ बच्चाको मृत्यु


काठमाडौं । यौनवर्धक औषधि भियग्रा आमालाई खुवाउँदा ११ जना बच्चाको मृत्यु भएको छ । यो घटना नेदरल्याण्डस्को हो । हालै त्यहाँ गर्भवती महिलाहरुमा भियग्राको चिकित्सकीय परीक्षणका क्रममा गर्भमा रहेका ११ जना शिशुको मृत्यु भएपछि सरकारले उक्त परीक्षण तत्कालै रोकेको छ ।

परीक्षणका क्रममा गर्भवती महिलाहरुलाई भियग्रा दिने गरिएको थियो । गर्भनालको समस्या भएका गर्भवती महिलाहरुमा उक्त परीक्षण गरिएको थियो । गर्भवती महिलाले भियग्राको सेवन गर्दा शरीरमा रक्तप्रवाह उच्च हुने र यसले गर्भमा रहेको शिशुको फोक्सोमा गम्भीर असर पर्ने विज्ञहरुले ठहर गरेका छन् । यद्यपि गर्भवतीमा भियग्राको वास्तविक असर पहिचानका लागि थप अनुसन्धान आवश्यक रहेको बताइएको छ । यसअघि बेलायत, अष्ट्रेलिया तथा न्युजिल्याण्डमा पनि यस्तैखाले अनुसन्धान गरिएको थियो । तथापि त्यसक्रममा भियग्राले गर्भवती महिलामा कुनै नकारात्मक असर पार्ने तथ्य फेला परेको थिएन । कमजोर गर्भनालको समस्याका कारण गर्भमा रहेका शिशुको विकास रोकिनु एक गम्भीर रोग हो, जसको हालसम्म कुनै उपचार पत्ता लागेको छैन । यस्तो समस्या उत्पन्न हुँदा गर्भको बच्चा तोकिएको समयभन्दा अगाडि जन्मिने, कमजोर बच्चा जन्मिँदा मृत्यु हुने जोखिम धेरै हुन्छ ।

*अनलाइन खबरबाट*


प्रेरक प्रसंग

# एडिसनको सफलता




महान वैज्ञानिक थोमस अल्वा एडिसन बिजुलीको चिम आविष्कार गर्न लागे । उनले लामो समय लगाएर चिम कसरी बल्छ भनेर पत्ता लगाएरै छोडे । चिम बाल्नका लागि उनले ९९९९ पटक नयाँ प्रयोग गरे । तर हरेक प्रयोग असफल भए । हजारौं पटकको प्रयोगमा उनले सफलता पाए । उनले यो विषय सार्वजनिक गरे ।

उनले आफू ९९९९ पटक असफल बनेको पनि लुकाएनन् । उनको सफलताको खबर पढेपछि एक व्यक्ति उनीकहाँ आए । उनले एडिसनलाई व्यंग्यको ताना कस्दै भने– तपाईं त ९९९९ पटक फेल हुनुभयो हो कि ? एडिसनले आफूलाई सेटार मारेको बुझिहाले ।



उनले ती व्यक्तिलाई जवाफ दिए– मैले चिम किन बल्दैन भन्ने ९९९९ तथ्य पत्ता लगाउन सफल भएको छु । साथै चिम बल्ने मुख्य कारण पनि हजारौं पटकको प्रयोगमा पत्ता लगाएको छु । म ९९९९ पटक फेल भएको हो होइन चिम नबल्ने कारणहरू प्रयोगद्वारा थाहा पाएको छु ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

आम्दानी बढ्नेछ र उठ्नुपर्ने रकम हातलागी हुनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। चल(अचल धनको उपयोगबाट मनग्गे फाइदा उठाउन सकिनेछ। आय आर्जनका नयाँ स्रोत फेला पर्नेछन्। कृषि, पशुपालन तथा व्यापारमा प्रशस्त फाइदा हुनेछ। मिहिनेत गर्दा दिगो फाइदा हुने काममा जग बसाउने मौका छ। गरेका कामबाट प्रशस्त लाभ हुनेछ।

### बृष

अवसरका लागि विवादास्पद जिम्मेवारी वहन गर्नुपरे पनि प्रयत्न गर्दा सजिलै लक्ष्यमा पुग्न सकिनेछ। विभिन्न अवसरले पछ्याउनेछन् भने भविष्यका लागि दिगो फाइदा हुने काममा जग बसाउने मौका छ। मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ। कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ। भोगविलासमा खर्च बढ्ने सम्भावना छ ।

### मिथुन

पछिका लागि राम्रो सम्भावना देखिए पनि तत्काल सोचेको फाइदा नहुन सक्छ। आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउने चेष्टा गर्लान्। स्वास्थ्य कमजोर बन्नाले काममा अग्रसर बन्न नसकिएला। तापनि मिहिनेतले सम्मानित स्थान दिलाउनेछ। बुद्धिले काम लिँदा चिताएको योजना कार्यान्वयनमा आउनेछ। अरूको मुख ताक्ने बानीले आफ्नो काम अधुरो रहनेछ ।

### कर्कट

स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुर्याउनुहोला। गोपनीयता बाहिरिनाले समस्या पर्न सक्छ। फाइदाका लागि काम दोहोर्याउनुपर्ने हुन सक्छ। समस्या दर्साउँदा सहयोगी भने फेला पर्नेछन्। अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ। व्यापारलगायत आर्थिक लाभ हुने काममा मन्दी आउन सक्छ।

### सिंह

घुमफिर तथा मनोरञ्जनको समय छ। प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ। भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ। अतिथिका रूपमा सत्कार पाइनेछ। आम्दानी बढाउने काम सुरु गर्न सकिनेछ। प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ। व्यवसायको सन्दर्भमा रमाइलो यात्रा हुन सक्छ। काममा साथीभाइको सहयोगले उत्साह मिल्नेछ ।

### कन्या

प्रतिस्पर्धामा पछि परिने भयले सताउनेछ। तापनि द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन्। चुनौती चिर्दै काम बनाउन सकिनेछ। पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ। आर्थिक लाभ हुने काम प्रारम्भ हुनेछ। रोकिएका काम बन्नाले उत्साह जाग्नेछ। मिहिनेतले प्रतिस्पर्धाको दौडसमेत जिताउन सक्छ। केही लगानी गर्नुपरे पनि दिगो काम प्रारम्भ गर्ने समय छ ।

### तुला

अस्वस्थताले आफूलाई कमजोर भएको अनुभूति हुनेछ। काममा केही अलमल तथा ढिलासुस्ती हुन सक्छ। तापनि, लगनशीलताले परिस्थितिलाई बदल्नेछ। पछि लाभ हुने काम प्रारम्भ हुनेछ। फाइदाको स्रोत पहिल्याउन सकिनेछ। गुरुजनको सुझाव र सन्तानको सहयोग लाभदायी बन्नेछ। अप्ठ्यारा परिस्थितिसँग सम्झौता गरे पनि लक्ष्य प्राप्त गर्न सफल भइनेछ ।

### वृश्चिक

हतारमा निर्णय लिने बानीले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला। तत्कालको फाइदा हेर्दा पछिलाई घाटा हुन सक्छ। तापनि, समस्या दर्साउँदा सहयोगीहरू भेटिनेछन्। मान्यजनको साथ जुट्नाले काम बन्नेछ। साझेदारीबाट लाभ उठाउन सकिनेछ। भोगविलासले खर्च बढाए पनि लगनशीलताले फाइदा दिलाउनेछ। रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला ।

### धनु

हल्लाको पछि लाग्दा काममा केही अलमल भए पनि हिम्मतले काम लिँदा राम्रो फाइदा हुनेछ। छोटो समयमा उपलब्धि हातलागी हुनेछ। स्रोत(साधन जुट्नाले चिताएका काममा सफलता मिल्नेछ। मिहिनेतले दैनिकीमा सुधार ल्याउनेछ। शत्रु र प्रतिस्पर्धीलाई पछि पर्दै लाभ उठाउन सफल भइनेछ। रोकिएका काम बन्ने र नयाँ काम सुरु गर्ने समय छ।

### मकर

आयआर्जनका स्रोत बढ्नेछन् भने उठ्नुपर्ने रकम हातलागी हुनेछ। कृषि, पशुपालन तथा व्यापारमा मनग्गे लाभ हुनेछ। दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ। अध्ययनमा राम्रै प्रगति हुनेछ। नयाँ ज्ञान सिक्ने समय छ। धनको उपयोगबाट विशेष फाइदा हुनेछ। श्रमको उचित मूल्यांकन होला। मिहिनेतले आम्दानी बढाउनेछ। दिन उत्साहवर्द्धक रहनेछ ।

### कुम्भ

नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन्। प्रतिष्ठित काम गर्दै नाम, दाम र इनाम कमाउने बेला छ। रचनात्मक काम प्रारम्भ गर्ने समय छ। सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले पनि थप काम गर्न हौसला प्रदान गर्नेछ। बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त होला।

### मीन

अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला। आकस्मिक खर्चले अर्थ अभाव देखापर्न सक्छ। तापनि सहयोग गर्नेहरू प्रशस्तै भेटिनेछन्। शुभचिन्तकहरू जुट्नाले अप्ठ्यारो ठानिएको काम पनि सम्पादन हुनेछ। विभिन्न परोपकारी काममा प्रवृत्त भइनेछ। विगतका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ। खर्च लागे पनि टाढाको यात्रा गर्ने पक्रिया अघि बढ्न सक्छ।

## छक्का पञ्जा “३” को गीत रिलिज

सुपरहिट सिरिज ‘छक्का पञ्जा’ को तेस्रो शृंखलाको पहिलो गीत सार्वजनिक भएको छ । दीपक शर्माको संगीत रहेको सार्वजनिक ‘पहिलो नम्बरमा’ बोलको गीतको शब्द राजेन्द्र थापाले लेखेका हुन् । स्वर डेभिड शंकर र विन्दु परियारको छ ।

कविराज गहतराजको कोरियोग्राफी रहेको गीतको भिडियोमा दिपकराज गिरी, दीपिका प्रसाईं, दिपाश्री निरौला, प्रियंका कार्की, जितु नेपाल, केदार घिमिरे, बर्षा राउत, बुद्धि तामाङ, स्वस्तिमा खड्का, सुमन गिरी (भान्जा) र संजोग कोइराला नाचेका छन् ।

गीतलाई पुरुषोत्तम प्रधान र मानकृष्ण श्रेष्ठले संयूक्त रुपमा खिचेका हुन् । यस सिरिजका ’पुर्व पश्चिम रेल’, ’देखन चम्पा’, ’ए दाजु’, ’म यता किनारामा’ गीत सर्वाधिक हिट छन् ।

दीपाश्री निरौला निर्देशित ‘छक्का पञ्जा ३’ को ‘पहिलो नम्बरमा’ बोलको गीत पनि पहिलाको झैँ लोक लयमा तयार पारिएको छ । राजेन्द्र थापाका शब्द रमाइला छन् । दीपक शर्माको संगीत उत्कृष्ट छ । गीतमा डेभिड शंकर र विन्दु परियारको स्वर गज्जबको छ ।

यो फिल्ममा दीपकराजको जोडी अभिनेत्री दीपिका प्रसाईंसँग बाँधिएको छ । ‘छक्का पञ्जा ३’ मा अभिनेत्री प्रियंका कार्कीको विशेष भूमिका छ भने अभिनेत्री स्वस्तिमा खड्का र अभिनेता संजोग कोइराला गेस्ट रोलमा छन् । अभिनेत्री बर्षा राउत यसपटक सार्वजनिक गीतमा मात्र सिमित भएकी छन् ।

## रोकियो “झमक बहादुर”

साउन १८ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म ‘झमक बहादुर’ लाई सेन्सर बोर्डले रोकेको छ । अपहरण र सुन तस्करीको कथा उठान गरिएको हुँदा फिल्मलाई सेन्सर बोर्डले रोक लगाएको खबर प्राप्त छ ।

दक्षिण भारतीय फिल्म ’मुम्बई एक्सप्रेस’ को फोटोकपी रहेको भन्दै चर्को आलोचना भइरहेको यस फिल्मको गीत र ट्रेलर सार्वजनिक भइसकेका छन् । रिलिजको संघारमा फिल्मलाई सेन्सर बोर्डले रोकेसँगै निर्माण टिम ठूलो तनाबमा देखिएको छ ।

निर्देशक भोमन कटुवालले ‘झमक बहादुर’ नितान्त नेपाली परिवेश सुहाउँदो फिल्म रहेको बताए । उनले भने, ’फिल्ममा आपत्तिजनक तथा समाजमा नकारात्मक सन्देश दिने कुनै पनि सिन छैन । सेन्सर बोर्डले रोक लगाउनुको खास कारण केहि छैन ।’

गलत काम गर्ने जो कोही कानुनी सजाएको भागेदार हुनुपर्ने कुरालाई फिल्ममा व्यांग्यात्मक रुपमा प्रस्तुत गरिएको निर्देशक कटुवालले बताए । निर्माता मिन कुमार तामाङले फिल्मलाई सेन्सर बोर्डले रोक्नुको कुनै औचित्य नभएको बताउँछन् ।

फिल्मलाई सेन्सर बोर्डले रोकेसँगै प्रदर्शन अन्यौलमा परेको छ । अनुप विक्रम शाही, यादब देपकोटा (सरापे), राजु कमेडी, मिन कुमार तामाङ, कल्याण अधिकारी, सुजाता थापालगायतका कलाकारहरुको अभिनय रहेको फिल्ममा ओम सुनारको संगीत छ ।

राजु किरात राईको द्वन्द्व रहेको फिल्मलाई मिनकुमार तामाङले निर्माण गरेका हुन् । सह(निर्माता कोपिला कुमारी डल्लाकोटी रहेकी छन् । पवन गौतमले यो फिल्म खिचेका हुन् ।

## दर्शकले रूचाए “चिं मुसी चिं”

शुक्रवारबाट देशभर एकसाथ प्रदर्शनमा आएको फिल्म हो ‘चिँ मुसी चिँ’ । म्यूजिकल थ्रिलर जनरामा निर्मित यस फिल्मको व्यापार औसत रहेपनि हेरेका दर्शकले नराम्रो बोलेका छैनन् ।

फिल्मको सस्पेन्स पाटो र गीतसंगीतलाई दर्शकले मुक्तकण्ठले प्रशंसा गरेका छन् । निर्देशक दिनेश श्रेष्ठ भन्छन्, ’दर्शकबाट पाएको सकारात्मक प्रतिक्रियाभन्दा हाम्रो लागि अरु सफलता के नै हुन्छ र ? फिल्म हेर्नुभएका दर्शकले राम्रो भन्नुभएको छ । हामी खुसी छौं ।’ यस फिल्मबाट अभिनेत्री अलिशा शर्माले सम्भावना देखाएकी छिन् । उनको अभिनय र डाइलग डेलिभरीलाई दर्शकले औधि रुचाएका छन् । अभिनेता सुनिल क्षेत्रीको कामको पनि प्रशंसा भएको छ । यी दुवैको यो फिल्म डेब्यु हो ।

बरिष्ठ कलाकार बसुन्धारा भुसालले ‘चिँ मुसी चिँ’ एकपटक हेर्नैपर्ने फिल्म बनेको बताइन् । ’कलाकारको अभिनय, कथावस्तु र निर्देशकको काम अब्बल छ । हाम्रै समाजको कथा फिल्मले बोल्छ । धेरैपछि एउटा असल फिल्म हेर्न पाएँ खुसी छु’, उनले भनिन् ।

उक्त फिल्ममा निर्देशक श्रेष्ठको काम परिपक्क देखिन्छ । यसअघि उनले ’सकुन्तला’ लगायतका फिल्म निर्देशन गरेका थिए । ‘चिँ मुसी चिँ’ को कमजोर पक्ष भनेको छायांकन हो । छायाँकार बासु न्यौपानेले आफ्नो काम देखाउन चुकेका छन् । यस फिल्मको निर्मातामा अरुण कुमार गुरुङ, महेश्वर खत्री, सुबास भुर्तेल, डब बहादुर गुरुङ छन् । यस्तै, कार्यकारी निर्मातामा शिवराज कार्की छन् भने अनिल पाण्डे र प्रिन्स युवराज कार्की प्रस्तुतकर्ता हुन् । ‘चिँ मुसी चिँ’ मा सुशान्त कार्की, शिवराज कार्की, शेखर अधिकारी, कमली वाइवालागयतका कलाकारहरुको पनि अभिनय छ ।

*(अनलाइनहरुबाट)*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Erudite = विद्वान, विषयका ज्ञाता Most of his friends of the fields considers him erudite but he himself does not think so (सबैजसो उसका साथीहरूले उसलाई विषयको ज्ञाता माने तापनि ऊ आफूलाई त्यस्तो सोच्दैन)

Frugality = मितव्ययिता If you want to make your company productive, you have to follow the theory of frugality and functionality (यदि तिमी आफ्नो कम्पनीलाई उत्पादनशील बनाउन चाहन्छौ भने मितव्ययिता र क्रियाशिलताको सिद्धान्त लागू गर्नुपर्छ)

Grueling = बेस्सरी थर्काउने किसिमको People say that marathon is a grueling race (मानिसहरू लामो दूरीको दौडलाई बेस्सरी थर्काउने किसिमको दौडाइ ठान्छन्)

Humdrum = एकांकीपन For avoiding the humdrum of life, he does trekking and passes days with nature (एकांकीपनाबाट आफूलाई मुक्त पार्न ऊ ट्रेकिङ गर्छ र आफ्ना दिनहरू प्रकृतिसँग बिताउने गर्छ)

Impolitic = तर्कसंगत नहुनु To raise such issue in such a gathering can be impolitic (यस्तो भेलामा यस्तो कुरा उठाउनु तर्कसंगत नहुन सक्छ)

Jolity = आनन्द The festival should be as such where both young and old can join in general jollity (चाडबाड भनेको यस्तो हुनु पर्छ जहाँ तन्नेरी र बुढा दुवैले आनन्द लिन सकून् )

Kip = निदाउनु, सुत्नु During summer kipping outside is possible because inside is very hot (गर्मी महिनामा बाहिर सुत्न सकिन्छ किनकि भित्र गर्मी हुन्छ)

Lurid = रंगिन बहुरंगी During sunset the sky becomes very much lurid (सूर्यास्तमा आकास ज्यादै रंगीन हुन्छ)

Morose = दिक्दारीपूर्ण He acted morose for months for his being suddenly dismissed (एक्कासी जागिरबाट निकालिएकोमा ऊ महिनौंसम्म दिक्दारपूर्ण मनस्थितिमा बस्यो)

Nubile = विवाहयोग्य उमेरकी महिला The parents tend to be worried about their nubile daughter (बाबुआमाहरू उमेर पुगेकी छोरीको बारेमा चिन्ता गर्छन्)

## सामान्य ज्ञान (प्रश्नोत्तर)

नेपालमा सर्वप्रथम कागजी नोट कहाँबाट प्रकाशित भयो ?
- सदर मुलुकी खाना

नेपाल राष्ट्र बैंकले कहिलेदेखि नोट प्रकाशित गर्न थालेको हो ?
- २०१६ फागुन १

नेपालमा पाँचौं वाणिज्य बैंक भन्नाले के बुझिन्छ ?
- नेपाल ग्रिन्डलेज बैंक

नेपाल राष्ट्र बैंकले १०० रू.को नोट कहिलेदेखि प्रचलनमा ल्यायो ?
- २०१६ फागुन १

सूर्यको प्रकाश पानीमा कति फिट गहिराइसम्म पुग्न सक्छ ?
- ३०० फिट

अमेरिकाको घाँसे मैदानलाई के भनिन्छ ?
- प्रेरिज

अमेरिकी राष्ट्रपतिको सरकारी निवास स्थानका डिजाइनर को हुन् ?
- जेम्स होवान

युवाहरूले गर्ने शासन व्यवस्थालाई के भनिन्छ ?
- जेरेन्टोक्रेसी

सबभन्दा बढी खोज र आविष्कार गर्ने वैज्ञानिक को हुन् ?
- थमस आलवा एडिसन

इथाइल अल्कोहल के को रासायनिक नाम हो ?
- रक्सी

रूसको जासुसी संस्थाको नाम के हो ?
- केजीबी

इजिप्टको पिरामिडका निर्माता को हुन् ?
- राजा खुफु

अष्ट्रेलियाको घाँसे मैदानलाई के भनिन्छ ?
- डाउन्स

पर्सियाको वर्तमान नाम के हो ?
- इरान

विश्वको सबैभन्दा अग्लो नुनको पर्वत कहाँ छ ?
- मेक्सीको

## सुडोकु-अंक ११३

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | | | ६ | | ९ | | | ४ |
| | ९ | ५ | | २ | | ६ | ८ | |
| | | | ५ | | ७ | | | |
| ९ | | १ | | | | ७ | | ५ |
| | | | | | २ | | | |
| ६ | | २ | | | | ३ | | ९ |
| | | | ७ | | १ | | | |
| | ५ | ७ | | ४ | | १ | ९ | |
| १ | | | २ | | ३ | | | ७ |

## अंक ११२ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | ३ | ७ | ९ | १ | ८ | २ | ५ | ६ |
| २ | ८ | ९ | ६ | ५ | ७ | ३ | १ | ४ |
| १ | ६ | ५ | ३ | ४ | २ | ८ | ७ | ९ |
| ७ | ५ | ८ | ४ | ९ | १ | ६ | २ | ३ |
| ९ | ४ | ३ | ७ | २ | ६ | ५ | ८ | १ |
| ६ | २ | १ | ८ | ३ | ५ | ९ | ४ | ७ |
| ३ | १ | २ | ५ | ६ | ४ | ७ | ९ | ८ |
| ५ | ७ | ६ | १ | ८ | ९ | ४ | ३ | २ |
| ८ | ९ | ४ | २ | ७ | ३ | १ | ६ | ५ |

## Go बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Go off = निभ्नु It is normal in Nepal that electricity goes off without prior notice नेपालमा विनासूचना बिजुली निभ्नु साधारण कुरा हो ।

Go off = निदाउनु Has'nt the baby gone off yet ? बच्चा अझै निदाएको छैन ?

Go off = खस्कनु The food of this restaurant goes off gradually यो रेष्टुराको खाना दिनपरदिन क्रमशः खस्कँदै छ ।

Go off = चाख हराउनु His interest in music is going off but no one knows why संगीतमा उसको चाख किन हो कुन्नी हराउँदैछ ।

Go off = छुट्टिनु She went off with her husband at the age of fifty पचास वर्षको उमेरमा उनले श्रीमान् छाडिन् ।

Go off with = लिएर हिंड्नु Who went off with my pen ? मेरो कलम कस्ले लिएर गयो ?

Go on = निरन्तरता पाउनु If your style as such goes on, you may be unsuccessful in your life तिम्रो यो शैलीले निरन्तरता पाउने हो भने तिमी जीवनमा असफल हुन सक्छौ ।

Go on = सट्टामा जानु Ram went on just before the match was over म्याच सकिनु केही समय अघिमात्रै ऊ अरुको सट्टामा मैदानमा प्रवेश गर्‍यो ।

Go on = चल्नु Why is not heating system going on तातो बनाउने प्रणाली किन चलिरहेको छैन ।

Go on = बल्नु After several hours of power cut, the light suddenly went on पाँच घण्टा निभेपछि बत्ती अकस्मात बल्यो ।

# बाल विकास समाजका विविध गतिविधि
















## किशोरकिशोरीहरुका लागि स्वास्थ्य अभिमुखीकरण

बाल विकास समाज र सुरेन्द्र ढकाल प्रतिष्ठानको संयुक्त प्रयासमा सञ्चालित विद्यालय युवा सशक्तिकरण कार्यक्रम अन्तर्गत जनकल्याण उच्च माद्यामिक विद्यालयका किशोरकिशोरीहरुका लागि बाल विकास समाजले स्वास्थ्य अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको छ । किशोरावस्थामा स्वास्थ्य सम्बन्धी विभिन्न समस्याहरु आउने र उनीहरुलाई उक्त समस्याबाट बच्नका लागि उपायहरुको अभाव हुने गरेको पाइएको छ । त्यसकारण बाल विकास समाजले स्वास्थ्य कार्यक्रम अन्तर्गत विशेष गरी किशोरकिशोरीहरुलाई असुरक्षित यौन सम्पर्कका जाखिमहरु तथा त्यसबाट लाग्ने विभिन्न किसिमका रोगहरु र एच आइ भि एड्स का बारेमा अभिमुखीकरण गरिएको हो । उक्त अभिमुखीकरण कार्यक्रमको सहजीकरण संस्थाका हेल्थ इन्चार्जले गर्नु भएको थियो । किशोरीहरुले महिनावारी भएको आवस्थामा ध्यान दिनुपर्ने कुराहरुको बारेमा पनि छलफल गराइएको थियो । यसरी यस छलफलबाट सहभागीहरुले स्वास्थ्यमा आउने समस्याहरुको निराकरणका लागि विविध उपायहरुको बारेमा ज्ञान हासिल गर्ने मौका पाएका छन । यस प्रकारको छलफल कार्यक्रम किशोरकिशोरीहरुका लागि आवश्यक भएको र यसले उनीहरुलाई स्वस्थ्य भएर जिउनका लागि सहयोग गर्ने कुरा हेल्थ इन्चार्ज बताउनु हुन्छ ।

## बाल संरक्षण तथा सर्म्बद्धन समितिद्धारा मस्यौदा तयार

भक्तपुर श्रावण । चाँगुनारायण र सुर्यविनायक नगर स्तरीय बाल संरक्षण तथा सम्बर्द्धन समितिको आयोजनामा नगरपालिकाको बाल संरक्षण नीति र समितिको कार्यविधिको मस्यौदा तयारी यहि मिति श्रावण ८ र ९ गते भएको छ । कार्यक्रमको आयोजना दुवै नगर स्तरीय बाल संरक्षण तथा सम्बर्द्धन समितिले गरेको थियो । जसमा समन्वय चाँगुनारायण र सुर्यविनायक नगरपालिका र साझदारीमा सेभ द चिल्ड्रेन तथा बाल विकास समाज रहेको थियो । यी दुवै समितिले बालबालिकाका बाल अधिकर संरक्षण तथा प्रवर्द्धनको लागि समिति गठन पश्चात थुप्रौ कार्यक्रमहरु गर्दै आएका छन् । कार्यक्रममा दुवै नगरस्तरीय बाल संरक्षण तथा सम्बर्दन समितिका केहि पदाधिकारीहरु, सुर्यविनायक नगरपालिकाका उपप्रमुख, चाँगुनारायण नगरपालिकाको महिला तथा बालबालिका शाखाबाट प्रतिनिधि, सेभ द चिल्ड्रेन तथा बाल विकास समाजका प्रतिनिधि गरी १६ जनाको सहभागीता रहेको थियो । सहभागीले चाँगुनारायण र सुर्यविनायक नगरपालिकाहरुका बाल संरक्षण नीति र नगर स्तरीय बाल संरक्षण तथा सम्बर्द्धन समिति संचालनको कार्यविधिको मस्यौदा तयार पारेका छ । यस मस्यौदालाई विज्ञहरुको परामर्श पश्चात नगरपालिकाका प्रमुख र उपप्रमुखसँगको परामर्श पछि नगर कार्यापालिकाबाट पास गरी कार्यान्वयनमा ल्याउने तयारी नगर स्तरीय बाल संरक्षण तथा सर्म्बद्धन समिति चाँगुनारायणका कृष्ण कार्कीले जानकारी दिइन् । केन्द्रीय तहले कार्यान्वयन गर्दै आएको नीति तथा नियमलाई आधार मानी वातावरण परिवेश सुहाउदो मस्यौदा तयार गरेका कुरा नगर स्तरीय बाल संरक्षण तथा सर्म्बद्धन समिति सुर्यविनायकका दिपक विसुङ्केले बताए । सुर्यविनायक नगरपालिकाका उपप्रमुख जुना बस्नेतले बालमैत्री नगरपालिकाको रुपमा पहिचान दिन यी नीति तथा कार्यविधिले ठुलो सहयोग पुऱ्याउने बताइन् । बाल अधिकार हनन् गरेमा कोहि पनि उम्कन नसक्ने कुरा उनले बताइन् । कार्यक्रममा सहभागी सेभ द चिल्ड्रेनका भरत तामाङ्गले यस मस्यौदालाई विज्ञहरुको परामर्श पछि जति सक्दो छिटो नगर कार्यपालिकाबाट पास गरी कार्यान्वयनमा ल्याउनु पर्ने कुरा बताए । साथै यस कार्य सरहानिय भएकोले अन्य नगरपालिका तथा गाउँपालिकाहरुले पनि यस्तै कार्य गरी बालबालिकाहरुको बाल अधिकार संरक्षण तथा प्रवर्द्धन गर्नु पर्ने कुरा बताए ।

## केन्द्रका बालबालिकाहरूलाई खाजा कार्यक्रम

बाल विकास समाजले आफ्नो स्थापना कालदेखि नै श्रमिक, सुविधाविहीन तथा जोखिममा रहेका नेपाली बालबालिकाहरूको क्षेत्रमा काम गर्दै आइरहेको छ । न्यून आर्थिक स्थिती भएका, पिछडिएका समुदाय, दैनिक ज्यालादारीमा काम गर्ने, विपन्न वर्गका, श्रमक्षेत्रमा काम गर्ने अभिभावकका बालबालिकाकोबाल अधिकार र बाल विकासको प्रत्याभूति दिलाउने, बालश्रम न्युनिकरण गर्ने, उचित लालन–पालन तथा स्याहार सुसार बारे बाबुआमालाई व्यवहारिक ज्ञान दिनुका साथै श्रमिक अविभावकहरूलाई बालबालिका बोकेर काम गर्नु पर्ने बाध्यता तथा दाइ दिदीले भाइ बहिनी हेरेर बस्दा विद्यालय जान नपाउने अवस्था हटाउन सहयोग पुऱ्याउने अवधारणा अनुसार यस समाजले दिवा शिशु स्याहार कार्यक्रम गर्दै आइरहेको छ ।

बालबालिकाहरूको शिक्षा, स्वास्थ्य र जनचेतनामूलक क्षेत्रमा संस्थाले प्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने उद्देश्यले संचालन गर्दै आइरहेको छ । साथै उक्त केन्द्रमा आउने बालबालिकाको लागि संस्थाले दिनमा २ पटक दिवा खाजाको व्यवस्था गरेको छ । बालबालिकालाई खाजा तालिका अनुसार दैनिक फरक फरक खाजा खुवाउने गरिन्छ । बालबालिकालाई खाजा खुवाउन दातृ संस्था वा अरु कसैको पनि भर पर्न नपरोस् वा दातृ संस्थाले सहयोग नगरेको अवस्थामा पनि केन्द्रमा आउने बालबालिकाले खाजा खानबाट बञ्चित हुन नपरोस् भन्ने उदेश्यले यस खाजा कार्यक्रमलाई“बालबालिकासंग खाजा खाऔं कम्तिमा एक दिन सामाजिक उत्तरदायित्व वहन गरौ” भन्ने नाराका साथ अभियानको रुपमा संचालन गरिएको छ । हाल यस अभियानमा बाल विकास समाजका कार्यसमितिका सदस्यहरु, बाल विकास समाजका कर्मचारीहरु, अन्य संघ संस्था तथा समाज सेवीहरुको सहभागीता रहेको छ ।

विषेशगरी आफना आफन्त, आमा, वुवाहरुको तिथी श्राद्ध, कुनै अवसर खुसियाली, जन्मदिनको अवसर पारेर केन्द्रमा रहेका बालबालिकालाई खाजा खुवाउने चलन रहेको छ । यसैगरी संस्थाका सल्लाहकार किशोर थापाले बालबालिकाहरुलाई दिवा खाजाका लागि सहयोग गर्नु भएको हो । उहाँले संस्थालाई रु ५००० रकम सहयोग गर्नु भएको थियो । उहाँले आगामी दिनमा यस सहयोगलाई निरन्तरता दिने प्रतिवद्धता समेत व्यक्त गर्नु भएको छ ।

**गोविन्द वि क/भरत थापा**

## निरू पाल...

बताइन् । एकजना सांसदमाथि यस्तो प्रकृतिको हमलाको प्रयास हुन्छ भने आम चेलीहरुको अवस्था के होला भन्दै सांसद पालले सबैलाई सुरक्षाको प्रत्याभूति गराउन सरकारसमक्ष माग गरिन् ।

## म्यानपावर...

बनाउने भन्नेमा कुनै निर्णय नभएको जनाएको छ ।

०६४ सालदेखि म्यानपावरको धरौटी बढेको छैन । थोरै धरौटी राख्ने व्यवस्थाले जसले पायो त्यसले म्यानपावर खोल्ने र तिनको अनुगमन समेत कठिन देखिन्छ । बर्सेनि चार लाखको हाराहारीमा वैदेशिक रोजगारीमा युवा पठाउने म्यानपावरको संख्या धेरै रहेको बताइन्छ । धरौटी बढाएर म्यानपावरलाई मर्ज गर्ने सरकारको तयारी रहेको म्यानपावर व्यवसायी बताउँछन् । नेपालमा जम्मा १५ सय म्यानपावर दर्ता छन्, तीमध्ये एक हजार जतिले युवालाई वैदेशिक रोजगारीमा पठाउने गरेका छन् । भारतमा म्यानपावर कम्पनीहरु लगभग तीन हजार जति मात्र छन् ।

## धारा १ र ८...

तर्फबाट राजदूतले हस्ताक्षर गर्नु समान हैसियत विपरीत थियो । शान्ति तथा मैत्री सन्धि युद्धरत राष्ट्रहरुले युद्ध अन्त्य गर्नका लागि गरिन्छ । तर नेपाल र भारतबीच कुनै युद्ध नै नभई शान्ति तथा मैत्री सन्धिका नाम दिइनु विडम्बनापूर्ण छ । भारतको अघि शीर्षासन गरेर राणा शासनलाई बरकरार राख्ने मोहनशमशेरको हर्कत सफल भएन । २००७ साल कात्तिक २१ गते राजा त्रिभुवन शीतलनिवासस्थित शरण परेर दिल्ली पुगे । दिल्लीमा भारतीय मध्यस्थतामा राजा, राणा र कांग्रेसबीच सम्झौता भएलगत्तै नेपालमा १०४ वर्ष लामो जहाँनिया निरंकुश राणा शासनको २००७ साल फागुन ७ गते अन्त्य भयो । मोहनशमशेरले शान्ति तथा मैत्री सन्धि गरेको एक वर्षपछि नेपालमा अपूर्ण प्रजातन्त्र स्थापना भयो । नेहरुकै आग्रहमा मोहनशमशेर नै दिल्ली सम्झौतापछि प्रधानमन्त्री बनाइए भने राणा विरोधी आन्दोलनका अगुवा बीपी कोइराला गृहमन्त्री भए ।

सन् १९५० को सन्धिले नेपाललाई भूपरिवेष्ठितबाट भारतवेष्ठित बनायो । यही सन्धिदेखि भारतले नेपालको आन्तरिक राजनीतिमा हस्तक्षेप गुरु गर्‍यो । सन् १९६५ को नेपाल भारतबीचको हतियार खरिद सम्बन्धी पत्राचारले त नेपालको प्रतिरक्षालाई भारतनिर्भर बनाइदियो । १९५० को सन्धि र १९६५ को हतियार खरिद सम्बन्धी पत्राचार देखाएर भारतले चीनबाट एन्टिएयर क्राफ्ट गन खरिद गर्दा नेपालमाथि नाकाबन्दी लगाएको थियो । माओवादी द्वन्द्वकालमा नेपालले अमेरिका बेलायत र बेल्जियमसँग हतियार किनेको उदाहरण भए पनि सन्धिले नेपाली सैन्य सामग्रीको आपूर्तिको जिम्मा भारतलाई दिएको छ । यही सन्धिको आधारमा नेहरुले भारतले हिमालयसम्म आफ्नो सीमा ठान्छ भनेका थिए । सन्धिले नेपाललाई भारतको अर्धउपनिवेश बनायो । भारतले नेपालको सुरक्षा र परराष्ट्रको व्यवस्थापन गर्न खोज्नु पनि यही सन्धिले बल पुर्‍याएको छ । जनआन्दोलन ०६१।६२ उत्कर्षमा पुगेका बेला भारतीय प्रधानमन्त्री मनमोहन सिंहको विशेष दूतका रुपमा करण सिंह काठमाडौं आएर सुरक्षा र परराष्ट्र मामिला भारतलाई जिम्मा दिए । राजतन्त्र कायमै रहने सन्देश राजा ज्ञानेन्द्रलाई दिएका थिए । राजा ज्ञानेन्द्रले राजगद्दी छोडे तर भारतीय राष्ट्रघाती प्रस्ताव स्वीकार गरेनन् ।

सन् १९५० को सन्धिको धारा १ मा भनिएको छ- नेपाल र भारत एक अर्काको पूर्ण प्रभुसत्ता, क्षेत्रीय अखण्डता र स्वतन्त्रताप्रति सम्मान गर्छ । तर व्यवहारमा भारतले नेपालको क्षेत्रीय अखण्डतामाथि धावा बोलिरहेको छ । कालापानी लिपिम्याधुरामा भारतीय सेनाले परेड खेलिरहेको छ । सुस्ता निल्न लागेको छ । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म ८६ स्थानमा भारतले नेपाली भूमि अतिक्रमण गरेको छ । अन्तर र्‍ाष्ट्रिय नियम कानुनको धज्जी उडाउँदै सीमा क्षेत्रको दशगजा मिचेर बाँध र बाटो बनाइरहेको छ । भारत यही धारा १ लाई हटाएर नेपालको प्रभुसत्ता र स्वतन्त्रताको हनन गर्न खोज्दैछ । सन्धिको धारा ८ ले १९५० अघिका नेपाल ब्रिटेन भारतबीच भएका सन्धि सम्झौताहरुको अन्त्य गरेको छ । यसअनुसार सन् १८१६ को सुगौली सन्धि स्वतः खारेज हुन्छ र नेपालको राज्यसीमा पूर्व टिस्टा पश्चिम काँगडा कायम हुनैपर्छ । भारत सन्धि पुनरावलोकनमा धारा ८ लाई हटाउन खोजिरहेको छ । धारा ८ हटाएर ग्रेटर नेपालको मुद्दालाई किनारा लगाउन भारतीय षड्यन्त्र भइरहेको छ । यो धारा कायम रहनुपर्छ र नेपालले गुमाएको सुगौली सन्धिअघिको भूभाग भारतले फिर्ता गर्नैपर्छ ।

## राजदुत...

राजदुत सेफरले नेपालमा भएको नयाँ संविधान अनुरुपको निर्वाचनले राजनीतिक स्थायित्व हुने वातावरणको सिर्जना भएकोमा जर्मनीको सरकार र जनता दुवै खुसी भएको बताउँदै अब सबै प्रयासहरु समृद्धि हासिल गर्ने कुरामा परिलक्षित हुनुपर्ने र त्यसको लागि जर्मन सरकार नेपाललाई सधैंको जस्तो सहयोग गर्ने तत्पर रहेको बताउनुभयो ।

जर्मनीबाट उच्च शिक्षा लिई आएका नेपालीहरु यसरी संगठित भई कार्य गरेकोमा आफूलाई हर्ष लागेको बताउँदै उहाँले विगतमाझैं आफ्नो कार्यकालमा पनि जर्मन दुतावास र नेगासबीचको सहकार्यले निरन्तरता पाउने बताउनुभयो । कार्यक्रममा गोथे सेन्टरकी निर्देशक श्री क्याथेरिन युन्कोनले नेपालमा जर्मन भाषाको प्रवर्द्धन गर्ने कार्यमा नेगास र गोथे सेन्टर मिलेर धेरै कार्य गर्न सक्ने बताउनुभयो । उक्त कार्यक्रमको पहिलो बन्द शत्रले प्रा. डा. रमेशकुमार मास्केको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्यसमिति पनि चयन गरेको छ ।

## मौलायो..

प्रकाश झा पनि एक लाख घूससहित पक्राउ परे । यी केही भ्रष्ट कर्मचारीहरु अख्तियारको फन्दामा परे पनि घूस सहजै पचाउन सक्ने कर्मचारीको सूची लामै हुन्छ । सिंचाइ, सडक जस्ता विकासका काम गर्ने अड्डाका कर्मचारीहरुलाई साल तमामी वर्षभरिको बाली थन्क्याउने बेला जस्तो हुन्छ । खाएको घूस मातहतका हाकिम हुँदै माथिल्लो निकायसम्म पुग्ने गरेको छ । त्यसैले विकासे अड्डाहरुमा अक्सन प्रथाबाट कर्मचारी आपूर्ति गराउने पुरानो प्रचलनले नयाँ नेपालमा पनि निरन्तरता पाइ नै रहेको छ ।

सरकारी निकायले यस्तै असारे विकासको भुक्तानी गराउन एक महिनामा १ खर्ब ७१ अर्ब खर्च गरेका छन् । ११ महिनासम्म सुतेर बस्ने अनि असारमा मनपरी गरेर बजेट सकेर कमिसन असुल्ने प्रथाको अन्त्य गराउन वर्तमान सरकार पनि असफल भएको छ । घूसको भरमा अधुरा कामको भुक्तानी गराउने कर्मचारीहरु अख्तियारको फन्दामा पर्न सकेका छैनन् ।

## सरकारविरुद्ध...

अक्षरशः पूरा हुनुपर्छ भन्ने पक्षमा रहेको बताए ।

ओली सरकारले आँखै अगाडिका जनताका समस्या नदेखेर पानीजहाज र रेलको एकोहोरो रटान लगाउँदै जनता अलमल्याउने काम गरेकोमा महासचिव मैनालीले आपत्ति प्रकट गरे । जहाज चलाउने बहानामा नेपालमा उच्च बाँध बाँधेर नेपाललाई जलमग्न बनाउँदै भारतले हिउँद याममा आवश्यक मात्रामा पानी लैजाने षड्यन्त्र गरिरहेको र केपी ओलीले भारतको त्यही षड्यन्त्र सफल बनाउने पात्रका रुपमा उभिएर पानीजहाजको एकोहोरो रटान लगाएको मैनालीको कथन थियो ।

काठमाडौं उपत्यकाको प्रदूषण नियन्त्रण, धूलो, हिलो नियन्त्रण जस्ता सामान्य कुरा पूरा नगर्ने सरकारले रेल र जहाजको सपना पस्किनु बेकार भएको उनले बताए । महासचिव मैनालीले मुलुकमा पूर्व पश्चिम लोकमार्ग, मध्यपहाडी लोकमार्ग, हुलाकी मार्ग, पूर्वपश्चिम रेलमार्ग बनिरहेकै अवस्थामा चुरे पहाडको कमजोर भूमि छियाछिया बनाउने गरी मदन भण्डारीका नाममा अर्को लोकमार्ग बनाउन थाल्नुका पछाडि गम्भीर रहस्य लुकेको बताए । चुरे पहाडका बहुमूल्य काठपात, रोडाढुंगा लगायत प्राकृतिक सम्पदा दोहन गरेर खर्बौं कमाउने तस्करको योजना अनुरुप यो सडक अगाडि आएको र यसले तराईमा मरुभूमिकरण निम्त्याउने गम्भीर खतरा बढाएकोमा यसलाई अविलम्ब रोक्नुपर्नेमा उनले जोड दिए । कुनै जाँचबुझ सर्वेक्षण र गम्भीर अनुसन्धान नगरी चुरेजस्तो संवेदनशील भूभागमा सडक बनाउन थाल्दा त्यसले गम्भीर समस्या निम्त्याउनेमा मैनालीले ध्यानाकर्षण गराएका छन् ।

त्यसैगरी महासचिव मैनालीले विभिन्न तथ्यांकहरु प्रस्तुत गर्दै बढ्दो व्यापारघाटाको समस्या तथा सरकारले असारे विकासलाई फेरि पनि निरन्तरता दिएर अर्बौंको लगानी बालुवामा पानी बनाएर भ्रष्टाचारलाई बढावा दिएको बताए । त्यसैगरी

नियात्रा

# बेलायतको सेरोफेरो-२७

खोमदत्त बराल

सामान भित्र पठाएर केटाकेटीसंग ३०/४५ मिनेट एरपोर्ट बाहिर निस्केर विताइयो । फोटो खिच्ने केटाकेटीको रहर । बाबु आमासंग लाडिएर केही छिन बस्ने रहर । झण्डै बेलायती आठ बजे सम्म नै बसियो भित्र पस्नासाथ हाते झोला पनि जचाउनु पर्‍यो । जुत्ता सम्म खोल्न लगायो । जुवरीकोट लगाइएको त्यो पनि फुकालेर प्लाष्टिकको आरीमा हाल्न लगायो । म संग खासै आपत्तिजनक सामान थिएन । उमाजीसंग मोवाइल र क्यामेरा पनि थियो । त्यसैले अलि बढी समय लाग्यो । लाइन लामै थियो ।

सामान जचाउँदा टाइम बढी लागेको कारणले समय वितेछ । सिधै हवाइ जहाज भित्र प्रवेश गर्न बाध्य भइयो । प्रसाधन कार्य गर्ने रहर बाँकी नै रह्‍यो । भित्र कुर्सीमा बस्नासाथ जुवारीकोट खोलेर हवाइजहाजमा रहेको रेष्टरुपमा प्रसाधन कायैकका लागि पसियो । कार्य समापन । ल्फस गर्दा आउने हावा मिश्रित सुइयको आवाजले निकै सचेत गराउँदो रहेछ । नौ बजेको शुरु मात्राले इन्दीरा गान्धी अन्तराष्ट्रिय हवाइ अड्डामा दश बजे ल्याइपुर्‍यायो । यसरी हेर्दा र गणना गर्दा समय १३ घण्टा लागेको जस्तो देखिन्छ । तर लण्डन र भारतको हवाइ यातायातको लागि लाग्ने समय शीर्फ नौ घण्टा मात्र हो नि । तर कसरी तेह्र घण्टा लाग्यो सोचनीय मननीय विषय त पक्कै पनि हो । यहाँ आइयो । दिल्लीमा अन्तराष्ट्रिय स्थानन्तरण सेवाका लागि जाँच्न जचाउन झण्डै एक घण्टा लाग्यो । यति ठूलो भव्य भवनमा यात्रु सेवा व्यवस्था अलि कमजोरी जस्तो लाग्यो । काउन्टर संख्या पनि बढाउनु पर्ने र जहाजहरुको छुट्टा छुट्टै सेवा व्यवथा हुनु पर्ने जसले गर्दा यात्रुले सहज निकास पाउथे । इन्दिरा गान्धी अन्तराष्ट्रिय विमानस्थलमा करिब ३ घण्टा विताउनु पर्‍यो । गेट नं. २३ को प्रतिक्षा कक्षामा बसियो उमाजी र म मात्रै छयौं । खासै कुराकानी केही छैन । बस्दै गर्दा करुणाकार अधिकारीका दिदी भिनाजु आइ पुगे । वर्ष दिन जति अमेरिकामा बसेर बेलायतमा भएको छोरासंग पनि दुई चार महिना बसेर फर्केका रहेछन् । कुराकानी नेपालीहरुको बोलिचालिको आत्मियता । करुणाकारक पिताजी र उमाजीका पिताजी संगै बसे पढेका साथीहर दुवै जना लमजुङ्गबासी । दुवै जना न्यायधीस भएर जागिर खाई पचाउका । अनि पछि दुवै जनाले वकालत गरेर जीवनलाई चालाएका मानिसहरु उनका छोरी ज्वाइहरु भारतको हवाइ मैदानमा भलाकुसारी कत्ति आनन्दित रह्‍यो होला । स्वभाविक मूल्याङ्कन हुन्छ । फोटो खिचाइ ।एक अर्काका तस्वीर, आ-आफना क्ष्यामेरा हालेर आत्मियता साटासाट । तर लामो समयको अन्तरालमा सम्झनाका तरेलि पनि ओइताउँदै जाने विस्तृत तिमा पदार्पण हुँदा अर्को पटक भेट ए हो त फलाना ठाउँमा भेट भएको भन्ने सम्म पुग्ने ।

यस्तै यस्तैमा काठमाण्डौ यात्रा हवाइ मार्गबाट शुरु भयो । करिब एक घण्टाको स्पेस यात्राले काठमाण्डौ ल्याइदियो । काठमाण्डौको अध्यागमन र भन्सारको झनझट । झटपट सकियो । भन्सारले सामान चेक गर्न खोज्यो । भन्सारमा मानिस छैनन । अघि आउने मानिसलाई भन्सारकै मानिसले पार गराए । हाम्रो एकछिन रोके । कराए । कसैलाई छोड्ने । कसैलाई रोक्ने । के काइदा हो भनेपछि जान अनुमति दिए । बाहिर आएर चार सयमा ट्याक्सी लिएर आफ्नो घरभित्र पसियो । बेलायत यात्रा यहाँनिर समाप्त भयो ।

चौतर्फी कर वृद्धि गराएर जनतालाई करको बोझ थोपर्ने काममा सरकारका तीनवटै निकाय तँछाडमछाड गरिरहेका छन् भन्दै मैनालीले जथभावी बढाएको कर तत्काल हटाउनुपर्नेमा जोड दिए ।

उनले केपी ओलीले चीन भ्रमणमा लिपुलेकबारे एक शब्द पनि उच्चारण नगरेकाले उनको राष्ट्रवादको मुकुण्डो उघ्रिएको र नाकाबन्दीको समयमा देखिएको राष्ट्रवादको चमकमा खिया लागेको बताए ।

मुलुकमा बढेको हत्या हिंसा, बालिका बलात्कार, महँगी, बेरोजगारी जस्ता समस्यामा सरकारले आँखा चिम्लिएर गैरजिम्मेवारीपनाको पराकाष्ठ नाघिरहेको मैनालीको ठहर थियो ।

जनसमाजवादी पार्टीका अध्यक्ष सुवासराज काफ्लेले कम्युनिस्ट पार्टीको मुकुण्डो भिरेर समाजवादको नारा दिने सरकारका नेताहरु गरिब जनताका समस्या बेवास्ता गर्दै ठेकेदारका घरमा बास बस्न जाने, भोज खान जाने र मिलेमतोमा भ्रष्टाचार गर्ने, कमिसन खाने काममा तल्लीन रहेको बताए । उनले इन्द्रचोकका पुरातात्विक महत्वका घरहरु अझै टेका लगाएर उभ्याउनु परेको दृष्टान्त दिँदै यो सरकारको कार्यशैली र दुरावस्था हेर्न टाढा जानु नपर्ने बताए ।

नेकपा मालेका पोलिटब्युरो सदस्य तथा अखिल नेपाल प्रगतिशील महिला संघकी अध्यक्ष निलम केसीले यो सरकार महिला विरोधी भएको उदाहरण सरकारमा भएको महिलाको प्रतिनिधित्वको संख्याले स्पष्ट पार्छ भन्दै महिला हत्या हिंसा, बालिकादेखि वृद्ध हजुरआमासम्म बलात्कृत हुनुपर्ने समस्या बढेकाले सरकारको सुरक्षामा गम्भीर प्रश्न उठेको बताइन् । उनले जहाज र रेलको सपना देखाउने सरकारले दुई घन्टा टाढा त्रिशुलीको तुइनमा झुन्डिएर जनताले कष्टपूर्ण ढंगले खोला तरेको नदेखेको बताइन् । सरकारको गलत रवैयाको विरुद्धमा आफ्नो संगठन अब सडकमा ओर्लिएको उद्घोष अध्यक्ष केसीले गरिन् ।

जनसभामा पिकोन्टका अध्यक्ष केदार गिरीले मजदुरले भोग्नु परेका समस्यामाथि प्रकाश पारेका थिए । उनले मजदुरहरु १८ घन्टा खट्दा पनि बाँच्न सक्ने ज्याला नपाउने भएकाले कामअनुसारको न्यूनतम पारिश्रमिक हुनुपर्नेमा जोड दिए ।

अनेरास्ववियु पाँचौंका अध्यक्ष घनश्याम मिश्रले शिक्षा क्षेत्रका विकृति विसंगतिको चर्चा गर्दै ८ वटा निजी कृषि तथा वन विज्ञान क्याम्पसलाई गोप्य रुपमा दिएको सहमति खारेज गर्न माग गरे । उनले गोविन्द केसीसँग भएका सम्झौता कार्यान्वयनमा छलकपट नगर्न सरकारको ध्यानाकर्षण गराए ।

नेकपा माले स्थायी समिति सदस्य तथा पूर्वमन्त्री कुमार बेलवासेको सभापतित्वमा भएको कार्यक्रममा माले केन्द्रीय सदस्य सिद्धि महर्जनले नेपाल भाषामा स्वागत मन्तव्य प्रस्तुत गरेका थिए । कार्यक्रमको सञ्चालन पोलिटब्युरो सदस्य कुमार खाकीले गरेका थिए ।

## स्वराज्य र...

शुक्ल वेदहरुको रचना हुन गई मार्ग निर्देशन भएको देखिन्छ । त्यस्तै पाश्चात्य दर्शन युनानका दार्शनिकहरुबाट सुरु भई अरब तथा युरोपसम्म नै चिन्तनको परम्परा विकसित हुँदै गएको पाइन्छ । परिणामस्वरुप नगर राज्य हुँदै राष्ट्र राज्यसम्मको अवस्था हुँदै औपनिवेशिक साम्राज्य समेत कायम हुन पुगेको हो । यस क्रममा राज्य र शासनमाथि धर्मको प्रभाव र नियन्त्रणले औपनिवेशिक अभियानलाई टेवा पुर्‍याउनुका साथै धर्माधिकारीहरुको शासनमाथिको नियन्त्रणले सारा युरोपमा विद्रोहको स्थिति पैदा गरायो । स्वतन्त्रताप्रेमी जनताको संघर्षले औपनिवेशिक शासकहरु परास्त हुनुका साथै धार्मिक स्वतन्त्रताको आन्दोलनले पोप र चर्चहरुको शासनमाथिको हस्तक्षेपलाई परास्त पार्न सकेको हो । धार्मिक स्वतन्त्रता र राजनीतिक स्वतन्त्रतापछिको वर्तमान युगमा पहिलो र दोस्रो जस्तो विध्वंशकारी महायुद्ध खेप्नु परेपश्चात् विश्व शान्तिका लागि साझा दार्शनिक चिन्तनको पुनः खोजी हुनु, स्वाभाविकै हो । हालसम्म उपलब्ध भएको चिन्तन परम्परालाई पुनर्व्याख्या वा नयाँ खोज गरिनुपर्ने हो भनेर सोच्दा पुराना र नयाँ खोजहरुलाई संयोजन गरेर इमानदारीपूर्वक आत्मसात गर्दा पुग्ने देखिन्छ । तसर्थ प्राचीन दार्शनिक चिन्तन परम्परा र आधुनिक वैज्ञानिक खोजलाई, क्रमानुसार संयोजन गर्दा नवीन अभियानको सुरुवात हुने देखिन्छ । स्वराज्य र मेलमिलाप यही भावना र प्रयासको उपज हो ।

## संसदभित्रै...

छन् । बर्दियामा सीमा स्तम्भ हराएको छन् । सांसदहरु भरतकुमार शाह, महेश बस्नेत, रगमती शाही, विमल नेपाली, राजन केसी, महेन्द्रकुमारी लिम्बू, मीना सुब्बा, यज्ञबहादुर बोगटी, रामवीर मानन्धर, यज्ञराज सुनुवार, रामबहादुर बिष्ट, यशोदाकुमारी सुवेदीले शून्य समयमा सरकारको ध्यानाकर्षण गराएका छन् ।

## अधिनायकवादको...

उल्लेख्य जनउपस्थितिले सरकारप्रतिको जभरोसा डगमगाउँदै गएको संकेत गरेको छ । महँगी र भ्रष्टाचारले थिलथिलो भएका जनता महँगी नियन्त्रण र भ्रष्टाचार रोक्नका लागि सडकमा उत्रिएर सरकारसँग अपिल गरिरहेका छन् । तर सरकारको ध्यान भने जनतासँग प्रत्यक्ष सरोकार राख्ने विषयहरुमा केन्द्रित छैन । पानीजहाज र रेलका गुड्डी हाँकेर सरकार बसिरहेको छ ।

स्थानीय, प्रदेश र संघीय संसदको निर्वाचनपछि मुलुकमा दुईतिहाई बहुमतको सरकार बन्यो । अब राजनीतिक लफडा सकियो देश विकासको राजमार्गमा लम्कन्छ भन्ने आशा सर्वत्र गरियो । सर्वहारा वर्गका भनिने कम्युनिस्टहरुको सरकार छ देशमा । तर जनताले देशमा सरकार भएको अनुभूत समेत गर्न पाएका छैनन् । सरकार महँगी, भ्रष्टाचार नियन्त्रण गर्न असफल देखिँदैछ । सरकारको यही कमजोरीलाई टेकेर कांग्रेसले सडक तताइरहेको छ । तर उसले लगाएको अधिनायकवादको आरोपको पुष्टि भने कतैबाट हुन सक्दैन । सरकारले निषेधाज्ञा जारी गरेर निरंकुश चरित्र देखाएको, संस्कृत विश्वविद्यालयका उपकुलपतिसँग अशोभनीय व्यवहार गरेको, डा. गोविन्द केसीका मागमा सरकार कठोर भएको, कांग्रेस सरकारले गरेका राजनीतिक नियुक्तिहरु बदर गरिएको, सभामुख र उपसभामुखमध्ये एक विपक्षी दललाई नदिएको, सरकार सर्वसत्तावादी भएको जस्ता आरोपहरु उठान गर्दै कांग्रेस सरकारविरुद्ध उत्रिएको हो । यीमध्ये सभामुख र उपसभामुखमध्ये एक कांग्रेसले पाउनुपर्ने र देउवा सरकारले गरेका राजनीतिक नियुक्तिलाई निरन्तरता दिइनुपर्ने नै कांग्रेसका मुख्य माग हुन् । तर नेपाल कम्युनिस्ट पार्टी यी दुवै मागमा सहमत छैन । सभामुख उपसभामुखले पार्टीबाट राजीनामा दिइसकेकाले एउटै पार्टीको भन्न नमिल्ने नेकपाले तर्क अघि सारेको छ । सर्वोच्च अदालतले देउवा सरकारका राजनीतिक निर्णयलाई एकपछि अर्को वैधता दिँदै गएपछि प्रधानन्यायाधीश नियुक्ति प्रकरणले नै अहिले नयाँ मोड लिएको छ । प्रस्तावित प्रधानन्यायाधीश दीपकराज जोशीका शैक्षिक प्रमाणपत्रहरु नै संदिग्ध रहेको भन्दै संसदीय सुनुवाई समितिले उनको नाम अनुमोदन गरेको छैन ।

जहाँसम्म अधिनायकवादको कुरा छ, ओली सरकार अहिले त्यही गरिरहेको छ जुन विगतमा कांग्रेस सरकारले गरेको थियो । कांग्रेसले नोकरशाही दलाल पुँजीपति वर्गको पक्षमा काम गर्दै श्रमजीवी जनतामा अधिनायकवाद कायम गरेको थियो । वर्तमान सरकार पनि त्यही गरिरहेको छ । आफू सत्तामा हुँदा अधिनायकवादी बनेको बिर्सिएर अहिले ओली सरकारलाई 'श्री ३' देख्नु कांग्रेसको दृष्टि भ्रम मात्र हो । कांग्रेस आन्दोलनबाट न त सरकार डराउँछ न त सर्वसाधारणको जीवनमा कुनै परिवर्तन आउनेछ । अधिनायकवाद कांग्रेसको प्रपोगण्डा मात्र हो ।

## मुलुकमा...

रहेको बताएका हुन् । उनले सांसद निरु पाललाई आएको धम्कीबारे पनि संसदमा उठेका प्रश्नहरूको प्रतिनिधिसभामा जवाफ दिएका छन् । कञ्चनपुरको घटनाले देशलाई नै तरंगित पारेको गृहमन्त्री थापाले बताएका छन् । उनले गत साउन १० गते भीमदत्त नगरपालिकाकी छात्रा १३ वर्षीया निर्मला पन्तको हत्या भएको बताए ।

पन्तको शव ११ गते सोही नगरपालिकाको वडा नम्बर १८ मा रहेको ऊखुबारीमा भेटिएको बताए । पन्तको हत्यामा संलग्न कैलालीका २२ वर्षीय जीवन घर्तीमगर र कञ्चनपुरका १७ वर्षीय दीपक नेगीलाई पक्राउ गरिएको पनि मन्त्री थापाले जानकारी दिए । दुवै अभियुक्तविरुद्ध मुद्दा दर्ता भएको र प्रहरीले विस्तृत अनुसन्धान गरिरहेको पनि मन्त्री थापाले जानकारी दिए ।

उनले सीमा पारी भारतबाट नेपालमा हुने लागुऔषध तस्करीमा परेका युवा र मदिरा सेवन गर्नेहरूले महिलामाथि हिंसा गर्ने गरेको भनाइ राखेका थिए । मन्त्री थापाले सरकार महिलामाथि हुने हिंसा नियन्त्रण गर्न कठोर कदम चाल्न लागेको जानकारी दिएका हुन् । उनले सरकारले लागुऔषध र मदिरा बिक्रि वितरणमा अंकुश लगाउने संकेत पनि गरेका छन् ।

गृहमन्त्री रामबहादुर थापाले प्रतिनिधिसभा सदस्य सांसद निरु पालमाथि मंगलबार भएको घटना राजनीतिक प्रकृतिको भएको बताए । गृहमन्त्री थापाले सांसद पालमाथि भएको घटनाको बारेमा सरकारले गम्भीर छानबिन गर्न गइरहेको जनाए । गृहमन्त्री थापाले देश राजनीतिक स्थिरतामा गइरहेको बेला यस्ता घटना हुनु गम्भीर भएको बताए । यसका पछाडि रहेका व्यक्तिहरूबारे देशमा राजनीतिक स्थिरता नचाहनेहरू, अस्थिरता फैलाउन चाहनेले यो घटना घटाएको देखिन्छ भनेका छन् । गृहमन्त्रीले देशका विभिन्न क्षेत्रमा साम्प्रदायिक, जातीय, क्षेत्रीय मुद्दा उठाएर अस्थिरता फैलाउन खोजिएको बताए ।

# नेपाली चेलीलाई भारतमा उपाधि



काठमाडौं । भारतमा सम्पन्न लिटिल अस्थेटिक्स किड्स फेसन रनवे तथा टिन एस्थेटिक किड्स फेसन रनवेमा पाँच देशका प्रतिस्पर्धीलाई उछिन्दै नेपालकी साइब्या घिमिरेले उपाधि हात पारेकी छिन् । भारतमा कामाक्षले आयोजना गरेको लिटिल एस्थेटिक्स किड्स फेसन रनवेमा घिमिरे ५ देशका ५२ जना

प्रतिस्पर्धीलाई उछिनेर विजेता घोषित भएकी हुन् । प्रतिस्पर्धामा सुरेन्द्रकुमार श्रेष्ठ सेकेन्ड रनर अप भए भने लिटिल विधातर्फ नमन मित्तलले बेस्ट फोटोजेनिक उपाधि हात पारे ।

एकैसाथ सम्पन्न दुईवटा इभेन्टमा पाँचजना नेपाली प्रतिस्पर्धीले उपाधिसँगै अन्य विधामा पनि टाइटल हात पारेका छन् । टिन एस्थेटिक्स किड्स फेसन रनवेमा नेपाली प्रतिस्पर्धी प्रेजु कायस्थ दोस्रो भइन् भने महिमा बज्राचार्य ट्यालेन्टेड पर्सनालिटी भइन् । रेडियन्ट इभेन्ट म्यानेजमेन्ट एजेन्सीको आयोजनामा गत वैशाखमा लिटिल प्रिन्स एन्ड प्रिन्सेज नेपाल र टिन प्रिन्सेज डिभा सम्पन्न भएको थियो । काठमाडौंमा सम्पन्न उक्त प्रतियोगिताका विजयी प्रतियोगीले भारतमा किड्स फेसन रनवे प्रतिस्पर्धामा भाग लिएका हुन् । प्रतियोगितामा नेपाल र भारतका साथै दुबई, सिंगापुर र मलेसियाका ५२ जना प्रतिस्पर्धीको सहभागिता थियो ।